# प्रभाव दैनिक
National Daily

वर्ष ८ | अंक ३४२ | काठमाडौं | आइतबार, २७ चैत २०७८ | Prabhab National Daily, | Sunday, April 10, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं ।
- वन जंगलमा धुमपान नगरौं ।
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**सन्दर्भ : वैदेशिक रोजगार**

## जैसीलाई उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार

■ महेन्द्र शाही

**काठमाडौं–** कैलालीका हरिप्रसाद जैसीले यस वर्षको 'उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार' प्राप्त गरेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केर उद्यम गरेकाहरूमध्येबाट जैसीलाई उत्कृष्ट उद्यमीको पुरस्कार प्रदान गरेको हो ।

मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्किएकालाई उद्यमशीलतामा प्रोत्साहित गर्न हरेक वर्ष उत्कृष्ट उद्यमी छनोट गरेर पुरस्कृत गर्दै आएको छ । पुरस्कृत जैसी कैलालीको लम्बीचुहा नगरपालिका-१ का बासिन्दा हुन् । जैसीले पुरस्कारस्वरूप एक लाख ५० हजार रूपैयाँ हात पारेका छन् । रोजगारीका लागि सात वर्ष कोरिया बसेर आएका जैसीले सुदूरपश्चिम प्रदेशको कैलालीमा करुणा गार्मेन्ट उद्योग सञ्चालन गर्दै आएका छन् । उनले सो उद्योगमार्फत अहिले ४५ जनालाई रोजगारी प्रदान गरिरहेका छन् ।

'कोरिया गरेर पुँजी जम्मा गरेर उद्योग खोलेको र सुरुमा आठ जनालाई रोजगारी दिएको र अहिले ४५ जनालाई रोजगारी प्रदान गरेको छु,' उनले भने, 'अहिले घर परिवारका चार जना सदस्य तथा बाहिरका ४५ जनालाई रोजगारी दिएको छु ।' व्यवसाय गर्नका लागि खुला सिमाना रहेको भारतीय बजारबाट आउने कमसल सामानसँग प्रतिस्पर्धा गर्न ठूलो चुनौती रहेको उनले बताए । अहिले उद्योग सञ्चालन गर्नका लागि थ्री फेजको विद्युत्समेत उपलब्ध हुन नसकेको उनले गुनासो गरे ।

सात जनालाई उद्यमी राष्ट्रिय पुरस्कार

मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्किएर उद्यममा संलग्न अन्य सात जनालाई उद्यमी राष्ट्रिय पुरस्कारबाट सम्मान गरेको छ । सम्मानित हुनेमा हुनेमा गण्डकी र सुदूरपश्चिम प्रदेशका दुई-दुई जना तथा कर्णाली, बागमती, लुम्बिनी र प्रदेश १ का एक/एक जना हरेका छन् । सुदूरपश्चिम प्रदेशबाट कैलालीको गौरीगंगा नगरपालिका-१ स्थित रोयल कृषि फार्मका सञ्चालक अमृतबहादुर शाही, गण्डकी प्रदेशबाट कास्कीस्थित पोखरा वास इण्डस्ट्रिज प्रालिका सञ्चालक सुनिल कार्की र तनहुँको घिरिङ गाउँपालिका-३ मा रहेको डिकेजी कृषि तथा पशु फार्मका सञ्चालक मेखनाथ गुरुङ रहेका छन् । प्रदेश १ बाट कसेनी कृषि फार्म मिक्लाजुङ गाउँपालिका-६ मोरङका हेमकुमार झाकोटे मगर, बागमती प्रदेशबाट दोलखा जिल्लामा रहेको ग्लोबल कृषि तथा पशुपक्षी फार्मका सञ्चालक शंकरकुमार वली र लुम्बिनी प्रदेशको बुचा कृषि तथा पशुपक्षी फार्म गुल्मी दरबार गाउँपालिका-५ गुल्मीका गुणबहादुर बुचा पुरस्कृत भएका हुन् ।

उनीहरूले जनही ७५ हजार राशिको पुरस्कार पाएका छन् । उनीहरू सबैलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सम्मानपत्र र खादा लगाएर सम्मान गरेका थिए । सम्मान कार्यक्रममा बोल्दै श्रममन्त्री श्रेष्ठले अहिले प्रतिनिधिमूलक रूपमा सम्मान गरिएको र यसले अरूलाई समेत प्रोत्साहन गर्ने बताएका छन् । उद्यम गर्दा कुनै समस्या भएको खण्डमा जानकारी पाएपछि त्यसलाई समाधान गर्नका लागि आफूले पहल गर्ने मन्त्री श्रेष्ठले बताए ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले विदेश गएर पुँजी जम्मा गरी अन्यलाई रोजगारी दिनु सकारात्मक भएको बताए । आफूले विदेशमा सिकेको सीप-ज्ञानलाई सदुपयोग गरेर उदाहरणीय काम गरेको भन्दै उनले समाजका अरुले यसबाट शिक्षा लिन सक्नुपर्ने बताए । विदेशबाट फर्केर आएकाहरूका लागि मन्त्रालयले अन्य मन्त्रालयसँग समन्वय गरेर पनि सहयोग गर्ने उनको भना थियो ।

उद्यमी राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका दोलखाका वलीले सम्मानले थप प्रोत्साहन मिलेको बताएका छन् । 'पहुँचवालाले मात्रै प्राप्त गर्छन् भन्ने सुनेको थिएँ, तर होइन रहेछ । सम्मानित हुँदा थप ऊर्जा मिलेको छ,' उनले भने । आफूले सानो पुँजीबाट फार्म सुरु गरेको र अहिले चार जनालाई रोजगारी दिन सफल भएको उनले सुनाए ।

विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि २०७६ बमोजिम उनीहरूलाई पुरस्कारका लागि छनोट गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले दिएको जानकारीअनुसार पुरस्कारका लागि ८३ आवेदन परेका थिए । ती मध्ये रोजगारी सिर्जना, पुँजी लगानी, स्थानीय स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यातको अवस्था, सामाजिक दायित्व बहन, वातावरणमैत्री प्रविधिको प्रयोग तथा प्रदूषण व्यवस्थापन, उद्योग सञ्चालन गरेको भौगोलिक क्षेत्र आदिका आधारमा छनोट गरिएको बताइएको छ ।

## व्यक्तिगत श्रम स्वीकृतिमा विदेश जानेलाई स्वघोषणा अनिवार्य

**काठमाडौं–** व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने व्यक्तिले स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने भएको छ । व्यक्तिगत श्रम स्वीकृति लिएर गएका अधिकांश नेपाली विदेशमा अलपत्र पर्न थालेपछि सरकारले यस्तो व्यवस्था गरेको हो ।

वैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, सरकारले तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिनेजस्ता प्रवृत्ति देखिएपछि स्वघोषणापत्र भर्नुपर्ने व्यवस्था गरेको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ । विभागका महानिर्देशक शेषनारायण पौडेलले तत्कालका लागि साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स (युएई), क्रोएसिया, अल्बानिया, पोल्यान्ड, रोमानिया, स्लोभाकिया, हंगेरी, माल्दोभा र बेलारुसमा भिजिट भिसा तथा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने व्यक्तिले स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने जानकारी दिए ।

वैदेशिक रोजगारीमा व्यक्तिगतरूपमा जाने श्रमिकले श्रम स्वीकृति लिँदा नै त्यस्तो स्वघोषणा भर्नुपर्ने छ । उक्त व्यवस्था आगामी वैशाख १ गतेदेखि कार्यान्वयनमा आउने विभागले जनाएको छ । विभागले 'व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९' अनुसार सो व्यवस्था लागू गरेको हो ।

व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, सर्त, सुविधा र तलब (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेस गर्नुपर्नेछ ।

रोजगारदाताको इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्पोन्सरको परिचयपत्रको प्रतिलिपि, रोजगारदाता कम्पनीको ट्रेड लाइसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि, संस्थामा जाने कामदारका हकमा कम्पनीको संक्षिप्त विवरण र गन्तव्य मुलुकको सरकारले रोजगारदाता संस्थालाई वा स्पोन्सरलाई दिएको पत्र स्वीकृतिपत्र पेस गर्नुपर्ने विभागले जनाएको छ ।

व्यक्तिगत श्रममा जाने व्यक्तिले रोजगारदाता कम्पनी वा स्पोन्सरमार्फत अंग्रेजी भाषामा अनुवाद गरिएका कागजात प्रमाणीकरणका लागि दूतावासमा दिनुपर्नेछ । *रासस*

# धान्नै नसकिने चुनाव खर्च

**अहिले चुनावमा उम्मेदवारी दिने तयारी गरिरहेका सबैलाई खर्चकै पिरलो छ । खर्चको जोहोमा जुटेका उनीहरूको ठहर छ– चुनाव निकै महँगियो ।**

■ प्रभाव संवाददाता




- अघिल्लो निर्वाचनमा आफ्नो छ करोड खर्च भएको शशांक कोइरालाको खुलासा
- आयोगले तोकेको सीमाभन्दा बढी खर्च गर्न पाउनुपर्ने दलहरूको माग
- खर्च अनुगमन गर्ने छैन संयन्त्र
- आयोग सीमा निर्धारण गर्छ, अनुगमन गर्दैन

**काठमाडौं-** आउँदो ३० वैशाखका लागि तय भएको स्थानीय निर्वाचनमा पहाडी जिल्लाको वडाध्यक्षको तयारी गरिरहेका एक विद्यार्थी नेताले केही दिन पहिले भनेका थिए- 'चुनाव त साह्रै महँगो हुन थालेछ । कम्तीमा १० लाख चाहिने भयो । कहाँबाट जुटाउनु त्यत्रो पैसा ?'

२०७४ को स्थानीय निर्वाचनमा वडा सदस्यमा पराजित जाजरकोटको भेरी नगरपालिका-५ का एक नेताले त्यतिबेला प्रतिमतदाता पाँच हजारका दरले रकम बाँडेको सुनाए । उनले वडामा कति जनालाई त्यस्तो रकम बाँडे त्यो त खुलाएनन् तर, चुनावमा पराजित भएका उनी फेरि नउठ्ने निर्णयमा पुगेका छन् । 'अघिल्लो चुनावकै ऋण तिरेर सकिएको छैन । फेरि त कसरी उठ्नु ?,' उनले निरासा पोखे ।

यी फरक प्रतिनिधि घटना मात्र हुन् । अहिले चुनावमा उम्मेदवारी दिने तयारी गरिरहेका सबैलाई खर्चकै पिरलो छ । खर्चको जोहोमा जुटेका उनीहरूको ठहर छ- चुनाव निकै महँगियो । चुनाव महँगिदै गएको प्रसंगलाई बल पुग्ने अभिव्यक्ति सार्वजनिक भयो कांग्रेस नेता शशांक कोइरालाको । उनले निकै डरलाग्दो विषय खुलासा गरे ।

शनिबार कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ इलाम-काठमाडौं सम्पर्क समितिको कार्यक्रममा सम्बोधन गर्दै उनले अघिल्लो निर्वाचनमा आफ्नो छ करोड रूपैयाँ खर्च भएको सुनाए । प्रतिनिधिसभामा नवलपरासीबाट निर्वाचित उनले चुनावैपिच्छे आफ्नो खर्च बढिरहेको बताए ।

कोइराला नवलपरासी क्षेत्र नम्बर १ बाट तीनपटक निर्वाचित भएका थिए । 'पहिलो चुनावमा मेरो खर्च ८० हजार रूपैयाँ थियो । दोस्रो चुनावमा तीन करोड र लास्ट चुनावमा छ करोड । ल भन्नुस् त तपाईंहरू कोही चुनाव लड्न चाहनुहुन्छ, मेरो क्षेत्रबाट ? म छोड्न तयार छु । तपाईंहरूले कम्तीमा छ/सात करोड त्यहाँ (खर्च) गर्नुपर्छ,' उनको भनाइ थियो ।

कोइरालाको आशय एकातिर त्यहाँ आफूबाहेक अर्कोले चुनाव लड्न सक्दैन भन्ने देखिन्थ्यो भने अर्कोतिर बढ्दो चुनावी खर्चको फेहरिस्त थियो । चुनावमा खर्च घटाइनुपर्ने कोइराला बताउँछन् । 'पहिलो चुनावमा ८० हजार खर्च भयो । किनभने, म मान्छेलाई चिन्दै चिन्दिनथेँ । नौलो ठाउँ थियो । सातवटा गाविस थियो । पहाडमा मलाई उठाएर लिएर गएका छन् । चिनिसकेपछि मूल्य (खर्च) त घट्नुपर्‍यो नि,' कोइरालाले भने ।

निर्वाचन आयोगले २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभा सदस्यको उम्मेदवारले अधिकतम २५ लाख खर्च गर्न पाउने दायरा तोकेको थियो । उम्मेदवारले चुनावमा कति खर्च भयो भनेर सार्वजनिक रूपमा भनेका त हुँदैनन्, तर उनीहरूले निर्वाचन आयोगले तोकेको सीमाभन्दा निकै बढी खर्च गर्ने गरेको तथ्य कोइरालाले खुलासा गरिदिए । शनिबारको कार्यक्रममा कोइरालाले 'अफ द रेकर्ड' भन्दै दायराभन्दा बढी खर्च गरेको स्वीकार गरे । उनले सम्बोधन गरिरहेको उक्त कार्यक्रमको भने विभिन्न मिडियाले प्रत्यक्ष प्रसारण गरिरहेका थिए ।

निर्वाचन आयोगले आउँदो स्थानीय निर्वाचनका उम्मेदवालाई लक्षित गरी यसअघि नै खर्चको सीमा निर्धारण गरिसकेको छ । जसअनुसार महानगरपालिकाका मेयर र उपमेयरले बढीमा सात लाख ५० हजार रूपैयाँसम्म खर्च गर्न पाउने छन् ।

उपमहानगरका मेयर र उपमेयरले बढीमा पाँच लाख ५० हजार रूपैयाँसम्म मात्रै खर्च गर्न पाउने आयोगले बताएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार नगरपालिकाका मेयर र उपमेयरले चार लाख ५० हजार र गाउँपालिका अध्यक्ष र उपाध्यक्षले तीन लाख ५० हजार रूपैयाँ निर्वाचन प्रचारप्रसारमा खर्च गर्न पाउने गरी सीमा निर्धारण गरिएको छ ।

महानगरका वडाध्यक्ष र सदस्यले तीन लाख ५० हजार, उपमहानगरका वडाध्यक्ष र सदस्यले दुई लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यले दुई लाख र गाउँपालिकाका (**बाँकी पृष्ठ २ मा**)

## निर्वाचन आचारसंहिता: के गर्न पाइन्छ ? के गर्न पाइँदैन ?



■ नारायण न्यौपाने

**काठमाडौं–** निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित तुल्याउन आचारसंहितको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको छ । आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि राजनीतिक दल र सरोकारवाला पक्षसँग छलफलका आधारमा तयार गरिएको निर्वाचन आचारसंहिता शुक्रबारदेखि लागू भइसकेको छ ।

आचारसंहितामा निर्वाचनको प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कसैको पक्ष वा विपक्षमा विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरुले प्रकाशन गरेका सामग्री सेयर गर्न नहुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

अघिल्ला निर्वाचनमा मतपरिणामलाई नै प्रभावित पार्ने गरी पद र पैसाका माध्यमबाट चलखेल भएको भन्ने व्यापक जनगुनासो आएपछि आयोगले यसपटक आचारसंहिताको अनुगमन र कार्यान्वयनलाई विशेष प्राथमिकतामा राखेको छ । आयोगबाट जारी आचारसंहितामा भनिएको छ, 'सामाजिक सञ्जालमा गलत भ्रामक सूचना प्रवाह (**बाँकी पृष्ठ ३ मा**)




# पशुपति धर्मशालामा सञ्चालित होटलमा ताला

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल-भारतमैत्री धर्मशालामा सञ्चालित होटल आनन्द बन्द गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा पशुपति क्षेत्र विकास कोषले उक्त होटल बन्द गराएको हो ।

होटल खाली गर्न सूचना लिएर गएको कोषको टोलीलाई बतास समूहको होटल आनन्दका कर्मचारीले गेटमै रोकेपछि कोषले गेटमै ताल्चा लगाएर बन्द गराएको हो । होटल बन्द गराउनका लागि पत्र लिएर गएको सरकारी टोलीलाई बतास समूहका कर्मचारीले होटलभित्र छिर्न नदिएपछि शुक्रबार साँझ कोषले बाहिरबाटै होटलमा ताला लगाएको हो । कोषले गेटमै सूचना टाँसेर होटलमा भएका सामग्री नचलाउन जानकारी गराएको कोषका कोषाध्यक्ष नारायण सुवेदीले बताए । उनले भने, 'हामीलाई भित्र छिर्नै दिइएन, हामीले गेटमै ताल्चा लाएर फर्कियौँ ।' पशुपति क्षेत्र विकास कोष तथा होटल आनन्दबीच भएको सम्झौताअनुसार काम नभएको भन्दै कोषले गत १७ चैतमा बतास समूहले धर्मशाला भवनमा सञ्चालन गरेको होटल आनन्द प्रालिसँग भएको सम्झौता भंग गर्ने निर्णय गरेको थियो । बतास समूहले कोषको पत्र बुझ्न मानेको थिएन । गएको सोमबार पशुपति क्षेत्र विकास कोषले होटल आनन्द प्रालिले सञ्चालन गरेको पशुपति धर्मशाला भवन खाली गर्न सार्वजनिक सूचना निकालेको थियो । सूचनामा धर्मशालामा रहेका सरसामान हटाउन भनिएको छ ।

पशुपतिस्थित नेपाल-भारत मैत्री पशुपति धर्मशालासम्बन्धी मुद्दाको गएको सोमबार तोकिएको पेसी उच्च अदालत पाटनले चैत २७ गतेका लागि सारेको छ । कोषका कोषाध्यक्ष सुवेदीको संयोजकत्वमा धर्मशाला भाडामा दिने विषयमा गरिएको सम्झौताका सम्बन्धमा गठित छानबिन समितिले होटल आनन्द प्रालिसँगको सम्झौता खारेजको सुझाव दिएको थियो ।

# वसन्तपुरमा कला प्रदर्शनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (नाफा) का पूर्वकुलपति वरिष्ठ कलाकार किरण मानन्धरले बुद्धभूमिका कलाकार शान्तिका अनुयायी भएको बताएका छन् । विश्व शान्तिको कामना गर्दै वसन्तपुर दरबार स्क्वायरमा शनिबार भएको प्रत्यक्ष कला प्रदर्शनी कार्यक्रममा मानन्धरले उक्त धारणा राखेका हुन् ।

'हामी बुद्धभूमिका कलाकार शान्तिका अनुयायी हौं, विश्वभरि शान्ति छाओस्,' उनले भने । उनले साना-साना भाइबहिनी कलाकार आफ्ना लागि गुरु र प्रेरणा भएको बताए ।

'युद्ध त्यागौं, बुद्ध रोजौं' भन्ने अपिलका साथ विश्व शान्ति कला कार्यक्रम आयोजना गरिएको हो । स्वतन्त्र, सिर्जनशील कलाकारको पहलमा भएको कार्यक्रममा वरिष्ठ कलाकार राधेश्याम मुल्मी, नरेश सैंजू, जीवन राजोपाध्याय, राजु पिठाकोटे, राजन खड्का, सुनिता राणालगायत कला क्याम्पस र विद्यालयका कलाकारले शान्तिको सन्देश दिने सुन्दर चित्र स्थलगतरूपमा बनाएका थिए ।

कार्यक्रम संयोजक सुवास क्षितिज श्रेष्ठले ५९ कलाकार तथा स्वयंसेवी कार्यक्रममा सहभागी भएको बताए । उनले आफ्नो त्रिआयामिक प्रतिष्ठान कलामार्फत ब्रह्माण्डकै एक्लो जीवनयुक्त हाम्रो घर पृथ्वीलाई महाविध्वंशबाट बचाउन युद्ध होइन, फूल रोजौं भन्ने प्रतिकात्मक कला प्रस्तुति गरेका थिए । यसअघि पनि आफूहरूले विभिन्न हिंसा र त्रास रोक्ने समय सन्दर्भ पारेर काम गरेको उनले बताए ।

सन् २००६ को विश्वकपमा फ्रेन्च खेलाडी जिनेदिन जिदानमाथि भएको व्यवहार र टाउको ठोक्याउनेसम्मका गतिविधि मैदानमा भएपछि श्रेष्ठलगायतको पहलमा कलामार्फत नै फुटबललाई एक खेलको रूपमा मात्रै लिएर पक्ष-विपक्षमा लागेर हिंसा नभड्काउन कामना गर्दै कला प्रस्तुत गरिएको थियो ।

संयोजक श्रेष्ठका अनुसार सन् २०१२ मा विश्व ध्वस्त हुँदै छ भनेर अफवाह फैलाइँदा जताततै अत्यास छाइरहेका बेलामा उनीहरूले कलामार्फत नै शान्त रहन आग्रह गरेका थिए । हाल रुसले युक्रेनमाथि आक्रमण गरेको ४५ दिन भइसकेको छ र यो युद्ध अझै रोकिएको छैन ।

## धान्नै नसकिने...

पृष्ठ १ बाट जारी

वडाध्यक्ष र सदस्यले एक लाख ५० हजार खर्च गर्न पाउने आचारसंहितामा उल्लेख छ । तर, राजनीतिक दलहरूले भने महानगरको निर्वाचनमा कम्तीमा एक करोड रूपैयाँ खर्च गर्न पाउनुपर्ने माग गरेका थिए । केही दलका नेताहरूले आयोगसँको छलफलमा प्रतिनिधिसभा निर्वाचनमा पाँच करोड रूपैयाँसम्म बनाउनुपर्ने मागसमेत गरेका थिए ।

मूल्यवृद्धि धेरै बढिसकेकाले खर्चको सीमा हिजोकै जस्तो राख्दा अव्यवहारिक हुने कांग्रेसका एक नेताले बताए । मापदण्ड तोकेपछि त्यसलाई कार्यान्वयन गर्ने संयन्त्र आयोगसँग नभएको उनी बताउँछन् ।

उसो त आयोगले तोकेको सीमामा रहेर खर्च गर्ने उम्मेदवारको संख्या एकदम न्यून रहन्छ । उम्मेदवारले आयोगले तोकेकोभन्दा १३६ प्रतिशत बढीसम्म खर्च गर्ने गरेका विभिन्न अध्ययनले देखाएको छ । बढी खर्च गर्नेले धेरै मत पाउने भएकाले पनि खर्चका लागि उम्मेदवारबीच होडबाजी नै चल्ने गर्छ । जुन क्रमले आउँदो निर्वाचनमा पनि निरन्तरता पाउने देखिन्छ ।

**चुनाव खर्च बढेको बढ्यै**

प्रत्येक पटकको निर्वाचन महँगो हुँदै गएको तथ्यांकहरूले देखाउँछ । २०४८ सालमा प्रतिनिधिसभाको निर्वाचन गर्दा ८० करोड हाराहारी खर्च गरिएको थियो । त्यस्तै, २०५१ सालमा सवा एक अर्ब र २०५६ सालमा दुई अर्ब ७५ करोड आसपासमा खर्च भएको देखिन्छ ।

पहिलो संविधानसभाको निर्वाचनमा सात अर्ब ५० करोड र दोस्रो संविधानसभाको निर्वाचनमा ११ अर्ब १० करोड रूपैयाँ खर्च भएको सरकारी अध्ययनले देखाएको छ । २०७४ को प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा मात्रै ३० अर्बभन्दा बढी खर्च भएको थियो ।

निर्वाचन पर्यवेक्षण समितिको अनुसन्धानमा आधारित प्रतिवेदनमा गत स्थानीय तहको निर्वाचनमा राजनीतिक दल र समर्थकबाट ५० अर्ब ९६ करोड खर्च भएको उल्लेख छ । निर्वाचन आयोगबाट १८ अर्ब ४६ करोड खर्च गरिएको थियो । आयोग र दलबाट भएको कूल खर्च ६९ अर्ब ४२ करोड रहेको उक्त अध्ययनको आँकडा छ ।

यसअनुसार प्रतिमतदाता चार हजार ९२३ रूपैयाँ खर्च भएको देखिन्छ । तर, सरकारी तथ्यांकले गत स्थानीय तहको गत निर्वाचनमा प्रतिमतदाता ४८८ रूपैयाँ खर्च भएको देखाउँछ ।

समितिले पछिल्लो प्रदेश र संघको ६२ अर्ब २१ करोड खर्च भएको तथ्यांक सार्वजनिक गरेको थियो । जसमध्ये, दलहरूले चुनाव जित्नका लागि ४५ अर्ब ९५ करोड खर्च गरेका थिए । १६ अर्ब २६ करोड आयोगका तर्फबाट खर्च गरेको देखिन्छ । स्थानीय तहको निर्वाचनमाभन्दा प्रदेश र संघको निर्वाचनमा कूल मतदाता खर्च कम देखिएको छ ।

प्रदेश र संघको निर्वाचनमा प्रतिमतदाता चार ४० रूपैयाँ खर्च भएको छ । गत चुनावमा तीन तहका लागि कूल खर्च १३ अर्ब १६३ करोड खर्च भएको उक्त अध्ययनले देखाएको छ ।

आउँदो स्थानीय निर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचन आयोगलाई आठ अर्ब ११ करोड रूपैयाँ बजेट विनियोजन गरिसकेको छ । आयोगले अर्थ मन्त्रालयसँग आठ अर्ब ९५ करोड रूपैयाँ माग गरेको थियो । तर, अर्थले आयोगबाट माग भइ आएकोभन्दा ८४ करोड रूपैयाँ कम बजेट निकासा गरेको छ । अर्थबाट विनियोजन भएको रकम स्थानीय निर्वाचन सञ्चालन एवं व्यवस्थापनमा खर्च हुने आयोगले जनाएको छ ।

अर्थ मन्त्रालयले म्यादी प्रहरीका लागि चार अर्ब ४५ करोड ९४ हजार, प्रहरीका लागि एक अर्ब ३२ करोड ४९ लाख ७८ हजार २०० र सशस्त्र प्रहरीका लागि ४४ करोड ५५ लाख ६४ हजार रूपैयाँ निकासा गरेको छ ।

# मनाइयो चैते दसैं

**काठमाडौं–** प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीका दिन मनाइने चैते दसैं पर्व आज नेपालीले शक्तिपीठसहित घर-घरमा नवदुर्गा भवानीको पूजा आराधना गरी मनाएका छन् ।

चैते दसैंका अवसरमा शनिबार बिहानैदेखि राजधानीलगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्न भक्तजनको भीड लागेको थियो । मन्दिरसम्म नजाने भक्तजनले भने घरघरमै देवीको आराधना गरी मीठा-मीठा परिकार बनाएर भोजन गरी परिवारका सदस्यबीच रमाइलो गरेर चैते दसैं पर्व मनाएका छन् ।

बडादसैंजस्तै चैते दसैंको पूजा उपासनाको मुख्य उद्देश्य पनि यो लोकमा सुख, शान्ति र परलोकमा सद्गतिका लागि आशीर्वाद लिनका लागि हो । बडादसैंमा जस्तै चैते दसैंमा पनि परिवारका सदस्यबीच जमघट हुने गर्छ । यस अवसरमा उपत्यकाका गुह्येश्वरी, जयवागेश्वरी, मैतीदेवी, नक्साल भगवती, भद्रकाली, शोभा भगवती, कालिकास्थान, बज्रयोगिनी, इन्द्रायणी, बिजेश्वरी, सुन्दरीमाई, चामुण्डादेवीलगायत शक्तिपीठमा चैते दसैंका अवसरमा विशेषपूजा गरिएको छ ।



**चैते दसैं मेलाका अवसरमा बागलुङ कालिका भगवती मन्दिरमा भक्तजनको घुइँचो ।** *तस्बिरः तारानाथ आचार्य/रासस*

यसैगरी उपत्यकाबाहिरका पलाञ्चोक भगवती, चण्डेश्वरी, नाला भगवती, पाल्चोक भगवती, शैलेश्वरी, उग्रतारा, वागेश्वरी, गहवामाई, मनकामना, कालिकादेवीलगायत शक्तिपीठमा पनि चैत्र नवरात्रका अवसरमा विशेष पूजा गरिएको जनाइएको छ ।

चैत्र नवरात्रसमेत भनिने यस पर्वका अवसरमा शक्तिपीठमा गई पूजा आराधना एवं दर्शन गरेमा शक्ति प्राप्त हुने, मनोकामना पूरा हुने धार्मिक विश्वास छ । वर्षमा चार नवरात्र पर्छन् । आषाढ र पौष शुक्ल पक्षमा पर्ने नवरात्र धेरै प्रचलनमा छैन । केही साधकले भने आषाढ र पौष शुक्ल पक्षको नवरात्रमा पनि शक्ति स्वरूपा देवीको आराधना गर्छन् ।

आश्विन शुक्ल पक्षको नवरात्रमा प्रतिपदाका दिनदेखि नै घटस्थापना गरेर जमरा राखिन्छ ।

यसैले आश्विन शुक्ल पक्षको दसैंलाई बडादसैं भनिन्छ । बडादसैंमा दशमी तिथिका दिन मान्यजनबाट टीका र जमरा लगाउने गरिन्छ । यो क्रम आश्विन शुक्ल पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमासम्म चल्छ ।

चैते दसैंमा भने त्यो परम्परा धेरै परिवारमा छैन । हनुमानढोका दसैंघरमा भने घटस्थापना गरेर विधिवत् पूजा आराधनाका साथ अष्टमीका दिन बलि दिने चलन पनि छ ।

चैते दसैंमा अष्टमी र नवमीलाई विशेषरूपमा मनाउने गरिन्छ । अष्टमीको दिनलाई चैते दसैं र नवमीलाई रामनवमी पर्वका रूपमा मनाइन्छ । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत २७ गते (आइतबार, तिथिः नवमी, नक्षत्रः पुष्य, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | पारिवारिक र सामाजिक जीवन सुखी एवं प्रभावशाली रहनेछ । |
| **वृष** | सामाजिक सहयोग बढ्नेछ । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| **मिथुन** | सवारीसाधनमा सावधानी राख्नुहोला । |
| **कर्कट** | लेनदेनमा सावधानी अपनाउनुहोला । |
| **सिंह** | सवारीसाधनमा सावधानी आवश्यक छ |
| **कन्या** | विदेश यात्राको योग छ । |
| **तुला** | अनावश्यक जिम्मेवारी नलिनुहोला । |
| **वृश्चिक** | साथीभाइबीच सम्बन्ध राम्रो रहनेछ । |
| **धनु** | सबै कार्यमा सावधानी, विनम्रता र धैर्य राख्नु पर्नेछ । |
| **मकर** | हतारमा कुनै निर्णय नलिनुहोला । |
| **कुम्भ** | व्यापारिक कार्यमा लाभ हुनेछ । |
| **मीन** | दैनिक कार्यमा प्रगति हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत २७ गते, २०७८, १० अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**जात्रामा सहभागीहरू** | बैतडीको देहिमाडौंमा रहेको निङ्लाशैनी भगवती मन्दिरमा चैते दशैंको अवसरमा लागेको जात्रामा सहभागीहरू । *तस्बिरः रासस*

## निर्वाचन...

पृष्ठ १ बाट जारी

गर्न, गराउन वा झुठा साइट, अकाउण्ट सञ्चालन गर्न वा गराउन कसैको चरित्र हत्या हुनेगरी व्यक्तिगत लाञ्छना वा मानहानि हुने प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न प्रकाशन वा प्रसारण गर्न निषेध गरिएको छ ।'

कुनै राजनीतिक दल वा उम्मेदवारले आफ्नो निजी वा आधिकारिक पेजमा आफ्नो सिद्धान्त, विचार, प्रतिबद्धता र कार्ययोजना राखी प्रचारप्रसार गर्न सकिने नै हुँदा सामाजिक सञ्जालको उपयोगलाई मर्यादित र व्यवस्थित ढंगले परिचालन गर्न आयोगले आग्रह गरेको छ ।

**के गर्न पाइँदैन?**

आचारसंहिताले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अंकित ज्याकेट, कमिज, भेस्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता सांकेतिक सामग्री उत्पादन गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन रोक लगाएको छ ।

राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ संगठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवं निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने तथा जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिह्न वा झण्डाअंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेस्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने आचारसंहितामा उल्लेख छ ।

निर्वाचन आचारसंहितालाई पालना गर्न निर्वाचन तथा मतगणनामा खटिने कर्मचारी, राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले निर्वाचनको कार्यमा खटिँदा अनुसूचीबमोजिमको प्रतिबद्धतापत्रमा दस्तखत गर्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । निर्वाचनको परिणामको विषयमा कुनै अदालतमा प्रश्न उठाउन पाउने नागरिक अधिकारलाई कुण्ठित गर्ने नभई निर्वाचन व्यवस्थापनमा स्वच्छता, निष्पक्षता र प्रभावकारिता अभिवृद्धि गर्नेमा आयोग विश्वस्त छ ।

**के गर्न पाइन्छ ?**

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसारको सिलसिलामा पचहत्तर ग्रामसम्मको कागजमा ३०० वर्ग इञ्चसम्म आकारको एउटै रङको पर्चा, उम्मेदवारको कार्यालयमा तीन बाइ तीन फिटसम्मको दलको झण्डा र सोही नापको चुनाव चिह्न र उम्मेदवारले 'ए' फोर साइजको कागजमा आफ्नो व्यक्तिगत पहिचान (बायोडाटा)को विवरण वितरण गर्न सक्ने व्यवस्था गरिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा बैठक, भेला वा यस्तै प्रकृतिका प्रचारप्रसारसम्बन्धी कार्यक्रम गर्दा तथा निर्वाचन अधिकृतको अनुमति लिई सवारीसाधन प्रयोग गर्दा सोहीबमोजिमको आकार र संख्याको दलको झण्डा र चुनाव चिह्न मात्र प्रयोग गर्न आयोगले आग्रह गरेको छ ।

कुनै लाभको पद धारण नगरेको भन्ने व्यवस्थालाई उम्मेदवार आफैंले स्वघोषणामार्फत उम्मेदवारी दर्ता गराउन सक्ने र स्वघोषणाको निज स्वयं नै जिम्मेवार हुने व्यवस्था रहेको छ ।

स्थानीय तहका बाहालवाला पदाधिकारीको अधिकारका लागि भोलि हुनसक्ने खतरा र दुर्घटनाबाट बच्न राजीनामा वा स्वघोषणासम्बन्धी प्रावधानबारे आयोगले समयमै जानकारी गराएको आयोगको भनाइ छ । स्थानीय तहका बहालवाला पदाधिकारीको उम्मेदवारी दर्ता तथा छानबिनको विषयलाई ऐन नियमको परिधिभित्र रही तदनुरूप नै कार्यान्वयन गरिने आयोगको विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचन आचारसंहिता नैतिक बन्धनको संहिताको रूपमा रहेको कानुनी दस्तावेज एवं सरोकारवाला सबैले पालना गर्नका लागि स्वीकार गरिएको नैतिक नियम हो । आचारसंहिता कार्यान्वयनमा केही कानुनी र संरचनागत सीमितता रहे पनि आचारसंहिताको प्रयोग कानुनभन्दा माथि हुने भएकाले राजनीतिक दल र उम्मेदवारलगायत अन्य सबै निर्वाचन सरोकारवालाबाट आचारसंहिताको पूर्णपालना हुन्छ भन्ने आयोगले विश्वास लिएको छ ।

हुनसक्छ उम्मेदवारी रद्द

आचारसंहिताको उल्लंघन भएमा आचारसंहिता उल्लंघनको प्रकृति र स्वरूप हेरी सचेत गराउने, सूचना सार्वजनिक गर्ने, कानुनतः जरिवाना वा दण्डसजायलाई कार्यान्वयन गर्ने तथा उम्मेदवारको उम्मेदवारी रद्दसम्म हुने कानुनी व्यवस्थालाई कार्यान्वयन गरिने प्रवक्ता शर्माले जानकारी दिए ।

राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित सरोकारवालासँगको समन्वय र सहजीकरणलाई व्यवस्थित गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न आचारसंहिताको अनुगमनलाई आयोगले प्राथमिकताको विषय बनाएको छ । आचारसंहिता अनुगमनलाई केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न अनुगमन संरचना क्रियाशील रहने आयोगले जनाएको छ ।

निर्वाचनमा अनलाइन प्रकाशन तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई आफूले प्रकाशन, प्रसारण र सम्प्रेषण गरेको निर्वाचन सामग्रीप्रति जिम्मेवार बनाई दुरूपयोग र त्यसबाट हुने साइबर अपराधको नियमन र नियन्त्रण गरी निर्वाचनमा डिजिटल माध्यमबाट हुनसक्ने सम्भावित हस्तेक्षप रोक्ने विषय निकै चुनौतीपूर्ण रहेको आयोगले महसुस गरेको छ ।

सामाजिक सञ्जालबाट हुनसक्ने निर्वाचनसम्बन्धी तथ्यहीन, गलत, भ्रामक, अनुमानित र आचारसंहिता विपरीत सूचना तथा जानकारीको सम्प्रेषण तथा सम्भावित मित्थ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन र नियन्त्रणका लागि आयोगले संयन्त्र बनाएको छ । *रासस*

# शिक्षक–विद्यार्थीले बनाए रोबोट

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल इन्जिनियरिंग कलेज (नेक) का शिक्षकविद्यार्थीले मिलेर एआईवेस डेलिभरी रोबोट बनाउन सफल भएका छन् ।

प्रोजेक्टलाई नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नास्ट) द्वारा फण्डिग गरिएको छ । रोबोट बनाउन शिक्षकतर्फवाट डिपार्टमेन्ट अफ इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनका सहप्राध्यापक सचिन श्रेष्ठ र सहप्राध्यापक रूपेश दही श्रेष्ठ, डिपार्टमेन्ट अफ कम्प्युटर साइन्स एण्ड इन्जिनियरिंगका सहप्राध्यापक दिनेश डंगोल तथा डिपार्टमेन्ट अफ इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल इन्जिनियरिंगका उपप्राध्यापक अभिनाश खत्री केशी मुख्य टिम मेम्वरका रूपमा रहेको जनाइएको छ । यस्तै बिद्यार्थीकातर्फवाट राजु श्रेष्ठ, सरोज चौधरी, कुमार श्रेष्ठ र उत्सब खड्का रहेको जनाइएको छ ।

रोबोटलाई अटोमेटिक तथा म्यानल मोडमा काम गराउन सकिने टोलीका सहप्राध्यापक सचिन श्रेष्ठले बताए । म्यानल मोडमा काम गराउनको लागि एउटा छुट्टै मोबाइल एप बनाइएको उनले बताए । मोबाइल एपको मद्दतले यसलाई वायरलेस्ली कन्ट्रोल गर्न सकिन्छ । यसलाई आफुले चाहेको ठाउँसम्म अगाडि पछाडि गराएर लान पनि सकिने उनले जनाए ।

अटोमेटिक मोडमा भने यो आफैँ आफ्नो गन्तब्यमा पुग्छ । यसको लागि उक्त क्षेत्रमा रहेको सीसीटीभी मुख्य कन्ट्रोल युनिट र रोबोटबीचमा वायरलेस नेटवर्क रहेको छ । मुख्य कन्ट्रोल युनिट नर्स स्टेशनमा रखिएको हुन्छ । त्यससंगै त्यहाँ डेस्कटप एप पनि हुन्छ । नर्स स्टेसनमा रहने कम्प्युटरमा रोबोटसंगै आबद्ध डेस्कटप एपको माध्यमवाट नर्सले रोबोट पुग्नुपर्ने ठाउँहरू इकित गर्न सक्नेछन् । एकचोटी यसरी ठाउँहरू निश्चित भएपश्चात रोबोट आफैँ त्यो ठाउँहरूमा पुग्नेछ र नयाँ गन्तव्य इंकित नगरेसम्म उक्त ठाउँहरूमा नै घुमिरहने छ । यसरी आफ्नो गन्तव्य पुग्ने क्रममा रोबोटले अगाडी कुनै बाटो छेकिने बस्तुहरू भेटेमा त्यसलाई छलेर जाने जनाइएको छ । साथै अगाडी कुनै मान्छेहरू भेटेमा रोबोटले बाटो छोड्नको लागि स्पीकरमार्फत अनुरोध पनि गर्छ । 'रोबोट आफैमा रहेको क्यामेरामार्फत यसले आफू वरपर रहेको वातावरणलाई निरीक्षण गर्दछ र एआई टेकनोलोजी मार्फतवाट आफ्नो अगाडी मान्छे आएमा थाहा पाउछ' टोलीमा संलग्न नेकका सहप्राध्यापक रूपेश दही श्रेष्ठले भने । यसरी रोबोट बनाउँदा मुख्य सदस्यहरूबाहेक कलेजमा कार्यरत सुमन प्रजापति, ज्ञानभक्त महर्जन, सुशिल श्रेष्ठलगायतका पनि उलेख्य भूमिका रहेको जनाइएको छ । एआई टेक्नोलोजीको प्रयोग भएकोले यसमा आवश्यकता अनुसार थुप्रै फिचर्सहरू पनि सजिलै थप्न सकिने जनाइएको छ ।

# मौलो पूजा सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** चैते दसैंका अवसरमा प्रहरी प्रधान कार्यालय नक्सालस्थित मौलोमा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले मौलोपूजा गरेका छन् । प्रहरीले परम्परागत रूपमा मनाउँदै आएको मौलो पूजा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले पूजाअर्चना तथा संकल्प गरी गरेका छन् ।

पूजाअर्चनाको क्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले बली पूजा तथा निसानमा पञ्जा छाप समेत लगाए । साथै उनले मौलोपूजाका अवसरमा विशेष कार्य गर्ने प्रहरी नायव निरीक्षक भवानी चन्दलाई पगरी तथा नगद पुरस्कार र प्रहरी सहायक हवल्दार राम कुमार कार्कीलाई नगद पुरस्कार प्रदान गरे ।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू लगायत प्रहरी अधिकृतहरू समेतले मौलो परिक्रमा गरेका थिए । पूजा विसर्जनपछि मूलकोत हुमानढोकाको लागि निशान प्रस्थान गराइएको थियो । साथै पूजारीबाट टीका तथा प्रसाद ग्रहण गरिएको थियो ।

नेपाल प्रहरीको निशान नेपाली सेनाको रामदल पल्टनबाट आएको हो । जसमा दुई वटा निशान रहेका हुन्छन् । मुख्य निशानमा सूर्य र चन्द्रको बिचमा राम धनुष चिन्ह अंकित भएको हुन्छ भने सहायक निशानमा सूर्य र चन्द्र चिन्ह अंकित हुन्छ । नेपाल प्रहरीलाई राष्ट्र र नागरिकको शान्ति सुरक्षाका साथै अमन चयन कायम राख्ने जस्तो संवेदनशील एवं महत्वपूर्ण कार्यमा सफलता प्राप्तिका लागि शक्तिपिठ र ईष्ट देवताको प्रतीकका रूपमा निशान झण्डालाई लिईन्छ । संगठनको कार्य सम्पादनमा कुनै पनि किसिमको अनिष्ट नहोस् र सम्पूर्ण कार्यमा सफलता प्राप्त होस् भनि निशान झण्डालाई पूजा गर्ने परम्परा रही आएको छ । नेपाल प्रहरीले बिक्रम सम्बत २०११ सालमा निशान झण्डा प्राप्त गरे पश्चात हरेक वर्ष वडा दसैं र चैते दसैंमा निरन्तर रूपमा मौलो पूजा गर्दै आएको छ ।

# चुनाव लड्न आर्थिक तगारो

**झापा–** स्थानीय तहको चुनाव नजिकिँदै गर्दा विगतमा जनप्रतिनिधी बनेका बढी महिला नै मुख्य पदको आकांक्षी बनेका छन् । तर निर्वाचन खर्चिलो हुने डरले उम्मेदवारी दिने कि नदिने भन्ने विषयमा अझै अन्योल देखिन्छ । पालिकामा उपप्रमुख पदको जिम्मेवारी सम्हालिरहेका महिलाहरू प्रमुख पदका आकांक्षी बनेका छन् भने वडासदस्यहरू अब वडाध्यक्षका लागि जिकिर गरिरहेका छन् । सम्बद्ध राजनीतिक दलले वडाध्यक्ष बन्नका लागि २० लाखदेखि २५ लाखसम्म खर्च लाग्छ भन्न थालेपछि उनीहरू अन्योलमा परेका हुन् ।

'टिकट पाए वडाध्यक्ष जित्छु र चलाउन पनि सक्छु भन्ने हिम्मत छ तर चुनावमा खर्च गर्ने पैसा छैन' विर्तामोड नगरपालिका-६ की सदस्य यामुना आचार्य भन्छिन् '२५ लाख खर्च लाग्छ वडाध्यक्षको चुनाव लड्न भन्छन् । घर बेची चुनावी खर्च गरेर रुखको फेदमा त बस्न सकिदैन ।' महिलालाई आर्थिक अधिकार नहुँदा चुनावमा उम्मेदवारी दिन समस्या भएको उनले बताईन् ।

वडा नम्बर ५ की सदस्य पवित्रा कोइराला ढुङ्गाना पनि आफ्नो वडाध्यक्ष पदका लागि जिकिर भए पनि पैसाका कारण समस्या भइरहेको बताउँछिन् । विगतमा जनताको मन जितेकाले र फेरी मत जित्ने गरी आउन सक्ने भए पनि राजनीतिक दलले पैसालाई महत्व दिएका कारण निरास हुने परिस्थिति सिर्जना भएको उनी बताउँछिन् । सदस्य कोइराला भन्छिन्, 'पैसालाई महत्व नदिएर सक्षम र क्षमतावान महिलालाई टिकट मात्र दिने हो भने चुनाव जितिन्छ ।'

महिलाको नाममा सम्पति भए पनि खर्च गर्ने अधिकार नहुँदा समस्या भएको वडा नम्बर १ की सदस्य भावना आचार्य बताउँछिन् । उनी भन्छिन्, 'श्रीमान्‌ले आफू चुनाव लड्नु पर्‍यो भने भएको सम्पति बेचेर पनि खर्चको जो हो गर्नुहुन्छ तर हामीलाई त्यो अधिकार हुँदैन अनि कोसँग पैसा मागेर चुनाव लड्नु ?' चुनाव लड्न महिलालाई आर्थिक तगारो बनेको उनको भनाइ छ । *रासस*


Far-Western Agro Giant Ltd.

**Amargadhi-01, Dadeldhura, Nepal**

**INVITATION FOR BIDS (IFB)**

DATE OF PUBLICATION: - 2078-12-27 BS (2022-04-10 AD)

1. Far-Western Agro Giant Ltd. has allocated funds towards the cost of Goods mentioned and intends to apply part of the funds to cover eligible bidders (suppliers) under the contract as described in table below. The eligible Nepalese bidders (suppliers) for following Goods under National Competitive Bidding. Some of the qualifications criteria are mentioned below, more details are in the bidding document.

| S. N. | Contract No/ Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | FWAGL/DDL/ GOODS/NCB/ 01-2078/79 | The Procurement & Delivery of Transformer along with distribution panel, Soya Badi Making Plant, Edible Oil Pouch Packaging machine and weighing Scale, Amargadhi Municipality Ward No 01, Dadeldhura | Single Envelope | 6869836 | 194000 | 3000 | 2022 – 05-10 (2079-01-27) 12:00 Hours |

**Bidder shall submit their bid electronically and download the bidding documents for e-submission form www.bolpatra.gov.np/egp.**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# चुनाव खर्च पारदर्शी बनाऊ

विभिन्न अध्ययन प्रतिवेदनअनुसार हरेकपटकका चुनावमा खर्च बढिरहेको छ । चाहे सरकारका तर्फबाट हुने खर्च होस्, चाहे राजनीतिक दल र उम्मेदवारका तर्फबाट हुने खर्च । आयोगले उम्मेदवारले गर्न पाउने खर्चको सीमा पनि बढाउँदै लगेको देखिन्छ ।

आउँदो ३० वैशाखका लागि स्थानीय तहको निर्वाचन तय भएको छ । निर्वाचनका लागि शुक्रबारदेखि आचारसंहिता लागू भइसकेको छ । कुनै अप्रत्यासित घटना घटेन भने अब ३० वैशाखमा स्थानीय निर्वाचन हुने लगभग पक्का छ । आयोगले उक्त निर्वँचनका लागि खर्च सीमा यसअघि नै निर्धारण गरिसकेको छ । जसअनुसार सबैभन्दा धेरै महानगरपालिकाका मेयर र उपमेयरका उम्मेदवारले बढीमा सात लाख ५० हजार रूपैयाँसम्म खर्च गर्न पाउने छन् ।

उपमहानगरका मेयर र उपमेयरले बढीमा पाँच लाख ५० हजार रूपैयाँसम्म मात्रै खर्च गर्न पाउने आयोगले बताएको छ । नगरपालिकाका मेयर र उपमेयरले चार लाख ५० हजार र गाउँपालिका अध्यक्ष र उपाध्यक्षले तीन लाख ५० हजार रूपैयाँ निर्वाचन प्रचारप्रसारमा खर्च गर्न पाउने गरी सीमा निर्धारण गरिएको छ ।

महानगरका वडाध्यक्ष र सदस्यले तीन लाख ५० हजार, उपमहानगरका वडाध्यक्ष र सदस्यले दुई लाख ५० हजार, नगरपालिकाका वडाध्यक्ष र सदस्यले दुई लाख र गाउँपालिकाका वडाध्यक्ष र सदस्यले एक लाख ५० हजार खर्च गर्न पाउने भनिएको छ । तर, विडम्बना यो छ कि उम्मेवारले आयोगले तोकेको सीमाभन्दा कैयौं गुणा बढी खर्च गर्ने गरेका छन् । जुन कुरा 'ओपन सेक्रेट' नै छ । त्यसैमाथि झन् शनिबार भएको एक कार्यक्रममा कांग्रेस नेता शशांक कोइरालाले अघिल्लो निर्वाचनमा आफ्नो छ करोड रूपैयाँ खर्च भएको खुलासा गरेपछि धेरै कुरा भन्नै परेन । जबकि, उक्त निर्वाचनमा आयोगले २५ लाखको खर्च सीमा निर्धारण गरेको थियो ।

वास्तवमा निर्वाचनमा गरिने यस्ता निर्वाचनलाई विकृत बनाउने काममात्र गर्दैन भ्रष्टाचार पनि बढाइरहेको छ । निर्वाचन प्रणालीमाथि नै गम्भीर प्रश्न पैदा गरेको छ । जसले खर्च गर्न सक्छ उसले नै जित्ने हुनाले क्षमतावान उम्मेदवार विजयी हुन्छन् भन्न सक्ने वातावरण पनि रहेन । जसले धेरै खर्च गर्न सक्छ उसैले जित्ने भएपछि इमान्दार र लगनशील नेता/कार्यकर्ताले टिकट पाउनै हम्मेहम्मे पर्छ भने टिकट पाइहाले भने पनि जनअनुमोदित हुन निकै कठिन पर्ने कुरा घामजस्तै छर्लंग छ ।

जब उम्मेदवारले अनावश्यक खर्च गर्न थाल्छन् त्यहाँ कि कालो धन प्रयोग हुन्छ कि त व्यापारीको पैसा । यसरी निर्वाचित भएका व्यक्ति जनताप्रति जवाफदेही, उत्तरदायी हुने सम्भावना निकै कम हुन्छ । ऊ निर्वाचनमा आफूले गरेको खर्च उठाउने ध्याउन्नमा लाग्छ । त्यसो हुँदा जनताको करबाट जम्मा भएको पैसा सही सदुपयोग हुने, जनताकै विकासका लागि खर्च हुने सम्भावना कमै हुन्छ ।

सबभन्दा मुख्य कुरा जनता सचेत हुन जरुरी छ । कोही उम्मेदवार पैसाको प्रलोभन देखाएर तपाईंसँग मत माग्न आउँछ भने उसलाई बहिष्कार गरिदिनुहोस् । निर्वाचन आयोगले पनि खर्चको सीमा त निर्धारण गरेको छ, त्यसको निगरानी र अनुगमन गर्ने संयन्त्रको अभाव छ । उम्मेदवारले मनलाग्दी खर्च गर्दा पनि कुनै कारबाही भएको इतिहास छैन ।

तसर्थ, निर्वाचनलाई स्वचछ, स्वस्थ बनाउन उम्मेदवारको खर्च पनि पारदर्शी हुन जरुरी छ । यसका लागि राजनीतिक दल, उम्मेदवार स्वयं खर्च नियन्त्रणमा लाग्न जरुरी छ भने आयोगले पनि प्रभावकारी संयन्त्र बनाएर अनावश्यक खर्चमा अंकुश लगाउन जरुरी छ ।

# बुटवलका सामुदायिक विद्यालयका गुणस्तरीय छलाङ

नीरा गौतम

केही वर्षअघि गुणस्तरीय शिक्षाका लागि संस्थागत विद्यालयमा जानेको लर्को लाग्थ्यो । सामुदायिक विद्यालयमा अध्ययन गर्ने कुरा विद्यार्थीलाई लाजको विषय हुन्थ्यो भने अभिभावकको प्रतिष्ठाको विषय बन्थ्यो तर अहिले अवस्था फेरिएको छ ।

पछिल्ला पाँच वर्षमा बुटवलका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या बढेको बढ्यै छ । संख्या धेरै भएपछि सामुदायिक विद्यालयलाई विद्यार्थी थेग्न गाह्रो भइरहेको छ । सजिलै भर्ना हुने अवस्था नभएपछि नेताको भनसुन गराएरसमेत बालबालिका भर्ना गराउन अभिभावक विद्यालय पुग्छन् ।

समुदायले हेर्ने दृष्टिकोण बदल्न सामुदायिक विद्यालयले जोडतोडले मेहनत गरे, तीनै तहका सरकारले शिक्षामा लगानी गरे । बुटवलका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उकास्न बुटवल उपमहानगरपालिकाले विशेष लगानी गर्‍यो र योजना बुन्यो । नयाँ संरचना निर्माण र विज्ञान प्रयोशाला निर्माणले सामुदायिक विद्यालयको मुहार नै फेरियो ।

बुटवलको कान्ति माविमा अहिले झण्डै पाँच हजार विद्यार्थी अध्ययन गर्छन् । यस वर्ष गत वर्षभन्दा एक हजारले विद्यार्थी बढेका हुन् । दक्ष जनशक्ति, आवश्यक भौतिक संरचना र नतिजा राम्रो भएकै कारण विद्यालयमा आकर्षण बढेको कान्ति माविका प्रधानाध्यापक गोविन्द ज्ञवाली बताउँछन् । सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिने सरकारको निर्णयले गर्दा पनि सकारात्मक प्रभाव परेको उनको भनाइ छ ।

सामाजिक विकास डिभिजन कार्यालय लुम्बिनी प्रदेश भैरहवाबाट गरिएको मूल्यांकनमा आर्थिक वर्ष २०७७/७८ मा उक्त विद्यालय जिल्लाकै उत्कृष्ट ठहर भई पुरस्कृत भएको थियो । बुटवलकै नवीन औद्यागिक कदरबहादुर रीता माविमा पनि विद्यार्थीको चाप बढी छ । प्रअ प्रेमबहादुर बस्नेतका अनुसार विद्यालय २०७० सालमा देशका ३३ उत्कृष्ट सामुदायिक विद्यालयमध्ये १९औं स्थानमा सूचीकृत भएको तथा २०७५ मा लुम्बिनी प्रदेशमा पाँचौं स्थानमा, रूपन्देही जिल्लामा द्वितीय स्थानमा र ब्रिटिस काउन्सिलबाट आइएसए २०१७-२०२० र २०२१ देखि २४ प्राप्त गरेको छ ।

अंग्रेजी माध्यममा अध्ययनअध्यापन गराइँदै आएको उक्त सामुदायिक विद्यालयका करिब २२ जना विद्यार्थी यस वर्ष काठमाडौंसहित देशका विभिन्न इञ्जिनियरिङ क्याम्पसमा छात्रवृत्तिसहित अध्ययनका लागि छनोट हुन सफल भएका छन् । विद्यालयमा सिभिल इन्जिनियरिङ, विज्ञान, व्यवस्थापन, होटल व्यवस्थापन, कानुन र शिक्षाशास्त्र संकाय गरी तीन हजार ६१५ विद्यार्थी अध्यनरत तथा १४८ शिक्षक-कर्मचारी छन् । विद्यालयमा स्टाफ नर्सको पनि व्यवस्था गरिएको छ ।

देशकै उत्कृष्ट सामुदायिक विद्यालयमध्ये एक २०१८ सालमा स्थापित बुटवलको कालिका मानवज्ञान माध्यमिक विद्यालयमा शिक्षा, विज्ञान, कानुन, प्राविधिक शिक्षा र व्यवस्थापन संकायमा अध्ययनअध्यापन हुँदै आएको छ । विद्यालयका प्रअ दिनेश थापाका अनुसार चारपटक २०७१ सालदेखि लगातार चारपटकसम्म विद्यालय अन्तर्राष्ट्रिय स्कूल अवार्डबाट सम्मानित हुँदै आएको छ । यो देशभरका सामुदायिक विद्यालयमध्ये सर्वोत्कृष्ट भई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट दुई लाख रूपैयाँ पुरस्कारसहित पुरस्कृत भएको छ । २०७५ मा बुटवल-१० कै मानवज्ञान माविसँग गाभिएर कालिका मानवज्ञान बनेको विद्यालयमा आठ हजार ७२ विद्यार्थी अध्ययनरत छन् ।

सानो चुहिने भवनबाट अध्ययनअध्यापन सुरु गरिएको बुटवल-११ स्थित नहरपुर मावि पनि अहिले भौतिक र शैक्षिक दुवै हिसाबले अगाडि छ । विद्यालयमा नयाँ भवनसहित पुस्तकालय र प्रयोगशाला पनि निर्माण गरिएको छ । पाँच वर्षअघिसम्म झण्डै ६०० विद्यार्थी रहेको विद्यालयमा अहिले एक हजार ५५० विद्यार्थीले अध्ययन गर्ने गरेको विद्यालयका प्रअ धनिश्वर गौतम बताउँछन् । विद्यालयको शैक्षिक र भौतिक अवस्था सुधारका लागि उपमहानगरपालिकाले निकै सहयोग गरेको उनको भनाइ छ ।

शैक्षिक गुणस्तरमा मुलुककै उत्कृष्ट हुन लागिपरेका यस क्षेत्रका सामुदायिक विद्यालयलाई उपमहानगरपालिकाको 'सिंगो बुटवल एक विद्यालय'को अवधारणाले थप बल मिलेको छ । स्थानीय सरकारको पर्याप्त साथ र सहयोगले सामुदायिक विद्यालयका सञ्चालक, शिक्षक र विद्यार्थी हौसिएका छन् ।

सबै विद्यालयमा भौतिक पूर्वाधार र दक्ष जनशक्तिको प्रबन्ध गर्दै विद्यार्थीका लागि एकै खालका पोसाकको व्यवस्था गरिने उपमहानगरपालिकाकी उपप्रमुख गुमादेवी आचार्य बताउँछिन् । उनका अनुसार शैक्षिक गुणस्तर वृद्धिको अभियानअन्तर्गत अब अब्बल शिक्षकले कुनै एक विद्यालयमा मात्र नभई नगरका आवश्यक पर्ने सबै विद्यालयमा पुगेर पठनपाठन गराउनुपर्ने छ । यसले शिक्षाको गुणस्तर विकासलाई प्रभावकारी बनाउने छ ।

बुटवलमा स्थानीय पाठ्यक्रममा आधारित स्थानीय पाठ्यपुस्तक 'हाम्रो बुटवल' कक्षा १ देखि ८ सम्म लागू भएको छ । शैक्षिक स्तर वृद्धिका लागि उपमहानगरका सहयोगमा सामुदायिक विद्यालयमा विज्ञान र कम्प्युटर प्रयोगशाला निर्माण भएका छन् । उपप्रमुख आचार्यका अनुसार एक करोड ५० हजार रूपैयाँ बराबरका लगानीमा विभिन्न विद्यालयमा विज्ञान प्रयोगशाला र कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशालाको निर्माण गरिएको हो । शैक्षिक गुणस्तरको विकासबाटै दक्ष जनशक्ति उत्पादन हुने र त्यसबाटै 'सबल आर्थिक केन्द्र समुन्नत बुटवल' को अवधारणाबाट समृद्ध बुटवल निर्माणको लक्ष्य साकार पार्न सहज हुने प्रमुख शिवराज सुवेदीको भनाइ छ ।

उपमहानगरका शिक्षा शाखा प्रमुख टीकाराम पन्थीका अनुसार शैक्षिक सुधारका लागि कुल बजेट करिब ४० करोड रूपैयाँ विनियोजन गरिएको छ । यहाँका नौ सामुदायिक विद्यालयमा 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' लागू गरिएको छ । बुटवल माविमा, कम्प्युटर तथा सूचना प्रविधि व्यवस्थापनका लागि छ लाख ५० हजार रूपैयाँ, उजिरसिंह माविमा कम्प्युटर अर्थात् सूचना प्रविधि प्रयोगशालाका लागि उपमहानगरमार्फत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको समेत गरी २५ लाख रूपैयाँ विनियोजन भएको थियो ।

लक्ष्मी मावि, नयाँगाउँ मावि, मोतीपुर मावि, भवानी मावि र अमर माविमा विज्ञान प्रयोगशाला र कम्प्युटर तथा सूचना प्रविधि व्यवस्थापन कक्ष सञ्चालन भएका छन् । यसका लागि प्रतिविद्यालय छ लाख ५० हजार रूपैयाँका दरले बजेट विनियोजन भएको थियो । यस्तै बुटवलकै जितेश्वरी माविमा ३० लाख रूपैयाँ बराबरका लगानीमा नयाँ भवन निर्माण भएको उपमहानगरका शिक्षा शाखा पन्थीले जानकारी दिए ।

उजिरसिंह माविमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत करिब २५ लाख रूपैयाँ बराबरका लगानीमा कम्प्युटर प्रयोगशाला निर्माण भएको छ । उपमहानगरका ३८ वटै सामुदायिक विद्यालयमा नयाँ अवधारणाका साथ शैक्षिक विकासका कार्यक्रम सञ्चालन गरिएका छन् । मोतीपुर माविमा अहिले ७२५ विद्यार्थी छन् । उपमहानगरबाट प्राप्त छ लाख ५० हजार रूपैयाँ बजेटबाट विज्ञान प्रयोगशाला सञ्चालन गरिएको र आवश्यकताका आधारमा विस्तार गर्दै जाने विद्यालयको योजना छ । पछिल्लो समयमा विद्यालयमा विद्यार्थीको चाप बढेपछि अझै छ कक्षाकोठाको अभाव विद्यालयलाई छ ।

यस्तै बुटवल-१८ सौराहामा रहेको भवानी माध्यमिक विद्यालयको दुईकोठे भवन तयार भएको छ । सानो झुपडीबाट सुरु भएको विद्यालयमा अहिले आधुनिक भवन निर्माण भएको छ । प्रअ मञ्जु घिमिरेका अनुसार भौतिक पूर्वाधार मात्र नभई गुणस्तरका हिसाबले पनि विद्यालय अगाडि छ । विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत १८ लाख रूपैयाँ बजेटमा दुईकोठे भवन निर्माण गरिएको छ ।

यस क्षेत्रका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र गुणस्तरमा प्रगति देखिएपछि अभिभावक पनि सन्तुष्ट छन् । अहिले सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण फेरिएको उनीहरूको भनाइ छ । स्थानीय तहका सहयोगमा नयाँ भवन निर्माण, विज्ञान प्रयोगशाला र पुस्तकालय निर्माणपछि विद्यालय पनि आकर्षक देखिएका छन् । यसले विद्यार्थीमा उत्साह जागेको छ ।

उपमहानगरपालिकाको योजनाबद्ध कामले बुटवलका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आमूल परितर्वन आएको हो । शैक्षिक विकासका लागि पञ्चवर्षीय योजना बनाएर कार्यान्वयन गरेको उपमहानगरले सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँचमा पुर्‍याउने लक्ष्य लिएको उपमहानगरका शिक्षा तथा स्वास्थ्य महाशाखा प्रमुख उपसचिव मित्रमणि खनाल बताउँछन् । त्यसका लागि उपमहानगरले छात्रवृत्ति, पुस्तक समयमै उपलब्धता, शिक्षकलाई प्रशिक्षण, विद्यालयको नियमित अनुगमन र शैक्षिक विज्ञसँग सुझाव लिएर विद्यालय सुधारका काम गरिरहेको उनको भनाइ छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले यहाँका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर मुलुकमै उत्कृष्ट सावित गरेको छ । सामुदायिक माविको कार्यसम्पादनमा बुटवलले उत्कृष्ट नतिजा दिएको हो । केन्द्रले देशभरिबाट नमूना विद्यालयका रूपमा छनोट गरेका सामुदायिक विद्यालयको कार्यसम्पादनको परीक्षण गरेको थियो, जसमा रूपन्देहीका १६ वटै पालिकाका करिब २०० विद्यालयसहित देशभरका ९९६ विद्यालय समावेश भएका थिए । बुटवल ८३ दशमलव दुई अंक ल्याउँदै प्रथम बनेको हो ।

विद्यालयको भौतिक संरचना, शिक्षकको योग्यता तथा उपलब्धता र समुदायबाट विद्यालयलाई प्राप्त भौतिक सहयोगलाई लगानी मानेर मूल्यांकन गरिएको थियो । बुटवलका २० सामुदायिक विद्यालयको मूल्यांकन गरिएको थियो । रूपन्देहीसहित देशैभरका पालिकाबाट बुटवल उत्कृष्ट भएको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदनमा उल्लेख छ । महाशाखा प्रमुख खनालका अनुसार विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको तलबभत्ता मासिक रूपमा भुक्तानी गर्ने व्यवस्थादेखि नै परिवर्तन सुरु गरिएको हो । पहिले शिक्षकले तलब पाउन चार महिना कुर्नुपर्ने बाध्यता थियो ।

सामुदायिक विद्यालयमा अध्ययनरत १३ हजार ५७२ विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तकको रकम विद्यालयको खातामा निकासा गर्ने गरिएको छ । पाठ्यपुस्तक समयमै विद्यार्थीको हातमा पुर्‍याउन प्राथमिकता दिइएको छ । यसअघि त्रैमासिक परीक्षा सकिँदासम्म विद्यार्थीले पुस्तक पाएका थिएनन् ।

शिक्षाको नीतिगत र कानुनी मान्यतासहितको विकासका लागि नगर शिक्षा ऐन कार्यान्वयनमा छ जसले संस्थागत विद्यालयमा पढ्ने बालबालिकाका लागिसमेत १० प्रतिशत जेहेन्दार तथा लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गरेको छ । परीक्षाको नियमित अनुगमन, निरीक्षण र पृष्ठपोषणका काममा जनप्रतिनिधि आफैं खटिने गरेका छन् । कम दरबन्दी रहेका केही विद्यालयमा

> **शैक्षिक गुणस्तरमा मुलुककै उत्कृष्ट हुन लागिपरेका यस क्षेत्रका सामुदायिक विद्यालयलाई उपमहानगरपालिकाको 'सिंगो बुटवल एक विद्यालय'को अवधारणाले थप बल मिलेको छ । स्थानीय सरकारको पर्याप्त साथ र सहयोगले सामुदायिक विद्यालयका सञ्चालक, शिक्षक र विद्यार्थी हौसिएका छन् ।**

११ शिक्षकको व्यवस्था उपमहानगरले गरेको छ । विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गर्न शिक्षकमात्रै नभएर जनप्रतिनिधि नै खटिने व्यवस्था गरिएको छ ।

बुटवलले बालबालिकाले लिएको शिक्षाको गुणस्तरीयता मापनका लागि सबै सामुदायिक विद्यालयमा कक्षा २ र ३ मा अध्ययन गर्ने २०/२० विद्यार्थीमा पठनसीपमा आधारित परीक्षण सञ्चालन गर्ने गरेको छ । यसको नतिजाले शिक्षामा सुधार हुँदै गएको देखिएको छ । शैक्षिक पात्रो र विज्ञ समूह निर्माण र छलफल, विद्यालयलाई पृष्ठपोषणका काम नियमित हुँदा विद्यालयको शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार देखिएको हो । धार्मिक, वैकल्पिक तथा विशेष विद्यालयलाई नगर स्रोतबाट अनुदान उपलब्ध गराउने गरिएको छ । उपमहानगरले विद्यालय र शिक्षकलाई प्रोत्साहन गर्न उत्कृष्ट अंक ल्याउनेलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने गरेको छ ।

बुटवलमा तीन मदरसासहित ३८ सामुदायिक विद्यालय छन् । बालविकास केन्द्र ६१ तथा संस्थागत विद्यालय ५७ छ । सबै विद्यालयमा करिब ५८ हजार विद्यार्थीले पठनपाठन गर्दै आएको उपमहानगरपालिकाको तथ्यांक छ । *रासस*

## मनन्योग्य

### विदुर नीति

सज्जन पुरुषले कहिल्यै कसैको ईर्ष्या र डाह नगरोस् । स्त्री वर्गको रक्षा गरोस् । सम्पत्तिको पनि परम्परामा र नोकर-चाकरसमेतलाई दिई भागवण्डा गरेर उपभोग गरोस् । मीठो बोली बोल्ने गरोस् । स्वभावमा सरलता रहोस् । नारीहरूसँग मधुर वचन बोलोस्, तर स्त्रीका वशमा भने नपर्ने गरोस् ।

स्त्रीलाई घरकी लक्ष्मी तथा आदरयोग्य भनिएको छ । यिनिहरू सौभाग्यशालिनी (महालक्ष्मी समान) पवित्र, घरको शोभा (लक्षिन) बढाउनमा गनिन्छन् । यसैले विशेषरूपले गृहिणीको रक्षा गर्नुपर्दछ । गृहिणीको जुन घरमा अभाव रहन्छ, त्यो घरमा स्मसान हुन जान्छ ।

कुनै पनि व्यक्तिले आफ्नो अन्तःपुर (गृह प्रवन्ध) सम्बन्धी कामको जिम्मा आफ्नो बाबु (पिता) लाई लगाओस् किनकि बाबु समानको हितैषी व्यक्ति अरु कोहि पनि हुन सक्तैन । भान्सा र खाने पिउने कुराको व्यवस्था आफ्नी आमाको जिम्मामा राखोस् । गाई वस्तुभाउ र सम्पत्तिका देखभाल आफ्नो आत्मीय एव्म मन परेको मानिसद्धारा गराओस् । खेतीपातीको हेरचाह आफू स्वयले गरोस् । व्यापार र लेनदेनको काम कारबाही नोकर वा सेवकद्धारा गराओस् र ब्राह्मनहरूको सेवा भने आफ्ना पुत्रबाट गराउने गर्नुपर्दछ ।

पानीबाट आगो, ब्राह्मनबाट क्षत्रिय, पत्थरबाट फलम आदि धातुहरू पैदा भएका छन् । यसैले यी पैदा भएका वस्तुहरूको सर्वव्यापी प्रभाव पनि आफूलाई पैदा गर्ने वस्तुहरूमा नै गएर शान्त हुन पुग्दछन् । अर्थात पानीले निभाउँछ ब्राह्मनहरूले क्षेत्रीलाई शान्त गराउँछन् अनि फलामलाई पनि कडा पत्थरले बंगयाईदिने गर्दछ ।

श्रेष्ठ कुलमा पैदा भएका अग्निसमान तेजस्वी साधु पुरुषहरू सधैं क्षमाशील हुन्छन् । यस किसिमका विकासरहित व्यक्ति रुखको टोड्काभित्र छिपेर रहेको आगोसमान सधैं शान्त भईरहन्छ ।

जस्को गुप्त कुरालाई उसका शत्रु र मित्र कसैको पनि थाहा पाउन सक्तैनन्, त्यस किसिमको गम्भीर स्वभाव भएको राजाले नै लामो समयसम्म वैभव (ऐश्वर्य) लाई उपभोग गर्न पाउँछ । **क्रमशः**

## पत्र–मञ्जुषा

### सहकारी र वित्तीय संस्थाको शोषण

सहकारीले बजार प्रतिनिधि राखेर दैनिक रूपमा पैसा संकलन गर्ने गरेको छ । एक महिनाअघिसम्म दुई लाख र कम संकलन गर्ने बजार प्रतिनिधिलाई अहिले दैनिक १५ हजार उठाउन पनि निकै सकस छ । बजारमा धेरै व्यापारीहरुले पैसा राख्न छोड्दा उनीहरुको दैनिक उठाउने रकम स्वाट्टै घटेको हो । सहकारीहरु जनताबाट नांगिँदा बजार प्रतिनिधिहरुले पहिलेजस्तो पैसा उठाउन सकेका छैनन् । मुलुकको आर्थिक संकट र तरलता बढेको थाहा पाइसकेका जनताको मनमा सहकारीहरु कतिखेर भाग्ने हुन् भन्ने मात्रै परेको छ । त्यसैले, उनीहरुले बचत गर्न छोडे बरू बचत गरेको रकम भटाभट निकाल्न थाले । बचतकर्ताको पैसा फिर्ता गर्न नसक्दा सहकारीमा पैसा निकाल्न आउने मान्छेको भीड यत्तिकै देखिन्छ ।

सहकारीका कर्मचारीहरु अध्यक्षलाई भेट्नुस् भनेर पन्छिन्छन् तर अध्या आफैं पनि लुकीछिपी हिँडिरहेका छन् । सहकारीमा पटक-पटक जाँदा पनि अध्यक्ष नभेटिएको र रित्तो हात फर्किनुपरेको बचतकर्ताहरु बताउँछन् । अहिले वित्तीय संस्थाहरुले बढी ब्याज दिएर बचतकर्ता तान्ने अनेकौं उपाय अवलम्बन गर्दै छन् । बैंकले लिखित रुपमा साढे ११ प्रतिशित ब्याज दिने भनेका छन् । तर, मौखिक रूपमा १४ प्रतिशतसम्म ब्याज दिने उनीहरुको भनाइ छ । त्यस्तै, सहकारीले १८ प्रतिशतसम्म ब्याज दिने बताएका छन् । मलाई फोनमा यति प्रतिशत ब्याज दिने भनेको तर मैले राखिन भन्नेहरु अहिले जतातत‍ै भेटिन्छन् । सार्वजनिक स्थलमा आजकाल वित्तीय संस्थाकै बढी कुराकानी भइरहेको हुन्छ । ब्याज यत्रो बढाउँदा पनि पैसा राख्ने मानिस छैनन्, किन ?

सर्वसाधारणहरु पहिलेभन्दा अहिले धेरै चेतनशील भइसकेका छन् । वित्तीय संस्थाहरुले विश्वसनीयता कायम राख्न नसक्दा तिनीहरु डुब्ने अवस्थामा आइसकेका छन् । ब्याजको प्रलोभन देखाएर कतिपय यस्ता संस्थाले जनताको घरखेत खाइदिए । कतिपय बचतकर्ताको खाइनखाइ जम्मा गरेको रकम नै लिएर भागे । बढी ब्याजको प्रलोभन देखाउँदै वित्तीय संस्थाहरुले जनतालाई कहीँ कतैको छोडेनन् । त्यसैले पनि उनीमाथि भएको विश्वास स्वाट्टै घट्यो । बैंकले पहिले जम्मा सात प्रतिशतसम्म ब्याज दिन्थ्यो । सहकारीले पनि दैनिक बजारबाट पैसा उठाउँछ । तर, पैसा राख्नेले जम्मा दैनिक दुई प्रतिशत ब्याज पाउँछन् । जनताको पैसाविना धितो राख्ने, एउटा भौचरको दिने । तर, कर्जावाललाई बैंकले रुवाउनु रुवाएको छ ।

कर्जावालले धितो राखेर महँगो ब्याजमा थोरै ऋण पाउँथे । धितोको भ्यालुएसन गरेर जम्मा आधा रकम दिन्थे । यता, तीन प्रतिशत सेवा शुल्क, घुस र सेयर त छुट्टै छ । बचतकर्ताले ब्याजका लागि महिना दिनसम्म कुर्नुपर्ने हुन्छ । तर, कर्जावालको त दिनगन्तीको हिसाब ब्याज लिन्छ । यो त सरासर ठगी होइन र ? डिपोजिटकर्ता र कर्जावाल दुवै बैंकबाट ठगिएका थिए । बैंकको रणनीति र यो जना बुझेपछि मानिसहरुले पैसा लगेर जम्मा गर्न छोडे । बरु ब्याज पनि चाहिँदैन भनेर उनीहरुले घरमै पैसा राख्ने थालेका छन् ।

वित्तीय संस्थाकै कारणले कतिपयको घरखेत उडेको छ । मिटर ब्याजमा ऋण प्रवाह गर्ने करोडपतिलाई रोडपति बनाउने । यिनीहरु सेवा दिन होइनन् सर्वसाधारण ठग्न खोलेको संस्था हुन् । महँगो ब्याज तिर्न नसक्दा कतिले आत्महत्या गरे । कति रातारात कुन दुलोभित्र छिरे यसको लेखाजोखा कुनचाहिँ निकायसँग छ ? धितो राखेर पैसा लिँदा पनि उनीहरुकै दबदबामा बस्नुपर्ने स्थिति छ । त्यसैगरी, वित्तीय संस्थाका सञ्चालकहरुले सरकार पनि डुबाएका छन् । सरकारले निश्चित क्षेत्रमा यति कर्जा प्रवाह गर्ने भनेता पनि उनीहरुले अटेर गरेका छन् ।

*राधेश्याम आचार्य, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# आँखा उपचार गाउँ केन्द्रित हुनुपर्छ : प्रदेश प्रमुख गुरुङ

■ प्रभाव संवाददाता




**पोखरा–** गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले आँखा उपचार सेवा सहर केन्द्रित मात्र नगरी ग्रामीण एवं दुरदराजका स्थानसम्म पुऱ्याउनुपर्ने बताएका छन् ।

नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको २७औं अधिवेशनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । उनले भने, ' आँखा उपचार सहरमा मात्र केन्द्रित नभई गाउँ केन्द्रित हुनुपर्छ ।

उनले पछिल्लो समयमा आँखा उपचार सेवामा भित्रिएका नयाँ प्रविधिले सेवालाई प्रभावकारी बनाएको पनि बताए । उनले प्रविधिले प्रभावकारीसँगै विश्वसनीय बनाएको पनि बताए ।

उनले नेपालमा आँखा उपचार सेवा प्रभावकारी बन्दै गएको बताउँदै आँखा उपचार सेवालाई सहरमा मात्र केन्द्रित नगरी ग्रामीण क्षेत्रसम्म पुऱ्याउनुपर्ने बताए । उनले यसको लागी मुलुकका तीनै तहका सरकारले यसको अपनत्व लिनुपर्ने सुझाव दिए । उनले आँखामा लाग्ने विभिन्न खाले रोगको उचारमा नेत्रज्योति संघको पहलमा दातासँगै दातृ राष्ट्रका विभिन्न संघसंस्थाको महत्वपूर्ण योगदान गरेको बताए ।

नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष डा चेतनारायण पन्तले मुलुकमा २७ आँखा अस्पताल र १४५ आँखा उपचार केन्द्रमार्फत सेवा प्रदान गरिँदै आएको जानकारी गराए । उनले निकट भविष्यमा पाँच अस्पताल र २५ उपचार केन्द्र थप गरिने पनि जनाए । उनले विश्व स्वास्थ्य संगठनको सन् २०३० सम्म आँखाको उपचार अभावमा कोही अन्धकारमा नरुमल्लिने अभियानमा नेपाल सरकारले पनि प्रतिबद्धता जनाएको बताए । उनले यस अभियानलाई सफल बनाउन संघ निरन्तर लाग्ने जनाए । उनले नयाँ प्रविधि र दक्ष जनशक्ति उत्पादनमा समेत संघले जोड दिनुपर्ने सुझाव दिए । नेपालमा आँखा उपचारका लागि विदेशबाट समेत मानिसहरू आउने गरेको बताए ।

प्रतिनिधिसभा सदस्य प्रभुनारायण चौधरीले दाताहरूको सहयोग र सामाजिक व्यक्तित्वको अहं भूमिका एवं चिकित्सकको निरन्तर सेवाभावले नै मुलुकमा आँखा उपचार सेवा प्रभावकारी बन्न सकेको दाबी गरे ।

कार्यक्रममा नेपाल नेत्रज्योति संघका निवर्तमान अध्यक्ष प्रा डा तीर्थप्रसाद मिश्र, आइकेयर फाउण्डेशनका प्रतिनिधि अनिल गोर्खाली, संघका उपाध्यक्ष ऋषिराम पौडेल, महासचिव भरतबहादुर चन्द, संघ गण्डकीका उपाध्यक्ष डा दिलबहादुर क्षेत्री, कास्की अध्यक्ष कृष्णबहादुर गुरुङलगायतले मुलुकमा अन्धोपन निवारणमा संघले खेल्दै आएको भूमिका बारेमा बताएका थिए ।

# लङरेञ्ज बन्दुकसहित पक्राउ

**पर्सा(प्रस)–** पर्सा जिल्लाको विन्दवासिनी गाउँपालिका-३ स्थित नहरचोकबाट बिहीबार प्रहरीले ९६६१ डी.बी.वाई. २००२ नम्बरको सुपर क्वालिटी लङरेञ्ज २ नाले बन्दुक १ थान र सो बन्दुकमा प्रयोग हुने ६५ मि.मि. कार्टिज १ थानसहित तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही जिल्लाको पर्सागढी नगरपालिका-५ हरपुर बस्ने ४१ बर्षिय प्रेमकुमार ठाकुर, १६ बर्षिय राहुल ठाकुर र ५५ बर्षिय रामजी ठाकुर छन् ।

ना ५७ प ३६२८ नम्बरको मोटरसाइकलमा सबैठहाबाट पर्सागढीतर्फ जाँदै गरेका उनीहरूलाई प्रहरीले शंका लागि जाँच गर्दा उनीहरूको साथमा उक्त बन्दुक र कार्टिज फेला पारिएको हो । त्यसवेला सो मोटरसाईकल समेत बरामद गरिएको छ ।

# भनसुनमा बजेट हाल्न सकिँदैन : मुख्यमन्त्री शाही

■ प्रभाव संवाददाता

**खलंगा–** कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले नेता, कार्यकर्ता र पहुँचवालाको भनसुनको आधारमा योजना तथा बजेट हाल्न नसकिने स्पष्ट पारेका छन् ।

जुम्लामा आयोजित मुख्यमन्त्री रोजगार कार्यक्रम विषयक अन्तर्क्रियामा मुख्यमन्त्री शाहीले मुख्यमन्त्री रोजगार कार्यक्रमले अतिविपन्न नागरिकलाई प्रत्यक्ष लाभ हुने गरी कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेकाले अरुले चाहे जस्तो बजेट ल्याउन नसक्ने बताए । उनले विधि र प्रक्रिया नजान्दा मुख्यमन्त्री रोजगार कार्यक्रमको रकमले खासै परिवर्तन ल्याउन नसकेको बताउँदै सरकारले रोजगार कार्यक्रम अब व्यवस्थित र पारदर्शी बनाउने बताए । उनले कार्यक्रमबाट तर्जुमा भएका योजना बजेटमा प्रकाशित गरेर रातो किताबमा समेत समेटिने गरी तयारी भइरहेको जनाए । उनले वडा तहले निर्णय गरेर पाँचवटा योजना गाउँपालिकामा पठाउने, गाउँपालिकाले निर्वाचित प्रदेशसभा सदस्य संयोजकत्वको समितिमा जस्ताको तस्तै वडाका योजना पठाए मात्रै समितिले पाँचमध्ये छानेर तीन योजना मुख्यमन्त्री कार्यालयमा पठाउने बताए ।

मुख्यमन्त्री रोजगार कार्यक्रमको करोडौं रकम जिल्लामा आउने भए पनि गाउँमा कुनै काम हुन नसकेको उनको भनाई छ । उनले अनलाइन दर्तादेखि हरेक विधि अपनाउँदा पनि मुख्यमन्त्री रोजगार कार्यक्रम प्रभावकारी हुन नसकेको गुनासो गरे । उनले अतिविपन्न नागरिक मर्कामा परेको भन्दै अतिविपन्न नागरिकलाई प्रत्यक्ष लाभ हुने गरी कार्यक्रम सञ्चालन गर्ने स्पष्ट पारे ।

# चैते दसैं बागलुङे मेलामा...

**बलेवा–** 'चैते दसैं बागलुङको मेलैमा, लाइदेउ माया भेटभाको बेलैमा !' टीका क्षेत्री प्रकृतिले धेरै वर्ष पहिला बजारमा ल्याएको यो गीतले चैते दसैंको सम्झना गराउँछ । यस्तै मौलिक र चर्चित भाकाको गीत बागलुङमा लाग्ने चैते दसैं मेलालाई लक्षित गरेर बनेका हुन् ।

चैत शुक्ल पक्षमा मनाइने चैते दसैं पर्व र योसँगै बागलुङमा मेला लाग्ने चलन पाँच सय वर्ष पुरानो हो भन्छन् बागलुङको इतिहास बुझेका बूढापाका । यो वर्ष पनि चैते दसैंका अवसरमा बागलुङमा मेला लागेको छ । त्यही मेला हेर्नेको बागलुङ कालिका मन्दिर परिसरमा भीड लागेको छ । कोरोना संक्रमणका कारण दुई वर्षसम्म मेला हुन सकेको थिएन । यो वर्ष भने संक्रमण नभएको मौका परेकाले कालिका भगवती गुठी व्यवस्थापन समितिले चैते दसैं मेला आयोजना गरेको छ ।

कोरोना महामारीका कारण मन्दिरमा पूजापाठ नै बन्द भएकाले मेला नलागेको हो । यदि मन्दिरमा पूजापाठ हुँदो हो त आयोजना नभए पनि मेला लाग्थ्यो । चैते दसैं मेला धार्मिक महत्वको मात्र नभई गीतसंगीत, खेलकुद र किसानका उत्पादनको बजारीकरण गर्ने पर्वका रूपमा स्थापित भएको गण्डकी प्रदेशका कृषि तथा सहकारीमन्त्री चन्द्रबहादुर बुढाले बताए ।

चैते दसैंमा किसानले उत्पादन गरेका कृषि उपज, हस्तकलाका सामान र अन्य सामग्री समेतको बजारीकरण गर्ने पर्वका रूपमा समेत वर्षौंदेखि मनाइने पर्व हो । चैते दसैं मेला कालिका मन्दिरमा लाग्छ । दुर्गा तिथिमा लाग्ने मेलालाई चैते दसैंका रूपमा मनाइन्छ । यो बेला टाढाबाट घर फर्कनेदेखि कालिका मन्दिरमा पूजा गर्न आउने धेरै हुन्छन् ।

साथै यहाँको मेलामा बागलुङका कला संस्कृतिको संरक्षण, परम्परागत सीपका सामानको बिक्री र बजारीकरणसमेत गरिन्छ । समितिले मेलाकै स्वरूप बनाइदिएपछि यहाँ रमाइलो मेला, फेन्सी तथा अन्य उत्पादनको बजार लागेको छ । कालिका मन्दिर परिसरमा तीन चार दिनदेखि नै मेलाझैं बनिरहेको छ । साथै चैतेदसैंको अवसरमा अष्टमी र रामनवमीमा यहाँ विशेष पूजा र मेला भर्नेको रौनक हुन्छ । यो मेलालाई व्यवस्थापन गर्न प्रशासन र प्रहरीले पनि आफ्नो सक्रियता बढाएको छ । गुठीले आयोजना गरेको खुला भलिबल प्रतियोगितामा भाग लिन विभिन्न स्थानबाट १७ टोली दर्ता भएका छन् । बिहीबारदेखि नै खेल पनि सुरु भएका छन् ।

त्यस्तै राष्ट्रिय र स्थानीय कलाकारले आफ्नो प्रस्तुतीकरण गर्ने कार्यक्रमसमेत बनेको छ । बिहानी समयमा पूजा र भलिबल प्रतियोगिता, दिउँसो मेला र साँझ कलाकारको प्रस्तुति रहने गुठीका अध्यक्ष कुमार खड्काले बताए । कोरोनाका कारण गत वर्ष मेला सञ्चालन भएको थिएन । चैतेदसैं मेलामा १० लाख भक्तजन र पर्यटक आउने अनुमान छ । अघिल्ला वर्षमा यहाँ बिक्री भएको नरिवलको संख्या र सोही अनुपातमा आउने भक्तजनको मूल्यांकन गर्दा १० लाख पर्यटक आएको अनुमान गर्न सकिने गुठीका पूर्वअध्यक्ष राजु खड्काले बताए ।

पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाकी राजकुमारी विवाह गरेर ल्याउँदा दाइजोका रूपमा कालिका मूर्ति ल्याएको इतिहास छ । राजाले उक्त मूर्ति घना जंगलको बीचमा यहाँ ल्याएर स्थापित गरेपछि पूजा गर्ने चलन बसेको किंवदन्ती छ । अहिले पनि यहाँ चैतेदसैं र बडा दसैंमा ठूलो मेला लाग्छ भने अन्य समयमा पनि सयौं भक्तजन आएर पूजा गर्ने क्रम रोकिएको छैन ।

बागलुङको पर्यटन प्रवर्द्धनका लागि पनि यो मेला र कालिका मन्दिर महत्वपूर्ण गन्तव्य भएको पर्यटन समितिका सचिव अर्जुन चोखालले बताए । पछिल्लो समयमा अन्य गन्तव्य सुरु भए पनि बागलुङको पहिचान चैतेदसैं मेला र कालिका भगवती मन्दिर नै भएको उनको तर्क छ । स्थानीयवासी पनि कालिका मन्दिरमा लाग्ने मेलाको महत्व र यसले जिल्लाकै पर्यटनमा योगदान पुगेको बताउँछन् । *रासस*


**Bagamati Province Government**

**Ministry of Water Supply, Energy and Irrigation**

**Water Supply and Sanitation Division No. 3,**

**Sindhupalchok**

## Invitation for Bid

**Date of publication: 10, April 2022**

1. Water Supply and Sanitation Division No.3, Sindhupalchowk, Nepal invites Procurement of Works only electronic bids from qualified/eligible Bidders for the Construction of following water Supply Project's under National Competitive Bidding; With Qualification Requirement Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's website : www.bolpatra.gov.np/egp.

| S.No | Contract No. NCB | Name of work | Estimated Amount NRS (Without VAT, PS) | Bid Documents Fee.(Nrs.) | Bid Security (Rs) |
|---|---|---|---|---|---|
| 1 | 41/078/79 | Construction of Intake, RCC Reservoir Tank, Pump house of Chisapani Daduwa Water Supply Project, Sindhupalchowk | 10505737.38 | 3000.00 | 3,00,000.00 |
| 2 | 42/078/79 | Construction of RCC Sump Well, RCC Reservoir Tank, Pump house of Sunkoshi Ukhubari Lift Water Supply Project, Sindhupalchowk | 11304864.47 | 3000.00 | 3,20,000.00 |

2. **Information to deposite the cost of bidding documents and bid security in the bank:**
Name of office: Water Supply and Sanitation Division No.3, Sindhupalchowk
Name of the Bank: Nepal Bank Limited, Chautara
Office code No.: 3370527013
Revenue Account No. 14229, Office Account no.: 27202000001001000001
For Bid Security deposite
Pradesh Kolenika, Account no.: 05702000002003000001
Last Date of Bid Submission: 10 May 2022, Time 12.00 Hours, Opening date 10 May 2022, Time 13.00 Hours

**Division Chief**



**Shree Janajyoti Secondary School**

**Bheriganga 6 Jhingni, Surkhet**

**Karnali Province**

## Invitation For Bids

**Date Of Publication: 2078/12/27 (2022/04/10)**

Shree Janajyoti Secondary School Bheriganga 6 Jhingni, Surkhet invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Estimated Amount Without VAT (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BGM/JSS/ NCB/2078/ 079-02 | School Building 3-c-9 Construction Shree Janajyoti Secondary School Bheriganga Municipality 6 Jhingni | 200,000.0 | 90 days | 6,410,029.36 | 3000.00 | Sealed Bid |

**Further Information to bidders;**

| For Sealed Bid | |
|---|---|
| Last date and time of Purchase of Bid Document | 2079/01/26 (2022/05/09); upto 5:00PM |
| Last date and time of Bid Submission | 2079/01/27 (2022/05/10); upto 12:00 Noon |
| Date, Time and Place of Bid Opening | 2079/01/27 (2022/05/10); at 1:00 PM, At Bheriganga Municipality Office, Chhinchu, Surkhet |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Krishi Bikash Bank, Chhinchu Branch, A/c No.: 0721001285039018 (mention purpose of deposit stating contract No. clearly) |
| Account No. for Bid Security Deposit | Krishi Bikash Bank, Chhinchu Branch, A/c No.: 0721001285039018 or Bank Guarantee issued by A class commercial Bank in the name of Janajyoti Secondary School, Office of Janajyoti Ma . Vi. , Bheriganga 6 Jhingni, Surkhet. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidderds shall submit their Bids electronically only no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Janajyoti Secondary School Office, Jhingni, Surkhet; Contact No: 9841685681 (Engineer).
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**Head Teacher**

# प्रभाव दैनिक

रूपशाला


आइतबार, २७ चैत २०७८ (Sunday, April 10, 2022)


## 'रेशमैको डोरी'मा उषा र विक्रम



गायक निमा शेर्पाको स्वर रहेको रेशमैको डोरी बोलको गीतको भिडियो सार्वजनिक भएको छ। जसमा मोडल उषा उप्रेती र मोडल बिक्रम बुढाथोकीको अभिनय देख्न सकिन्छ। गीतकार तथा संगीतकार सिएल शर्माका शब्द तथा संगीत सृजना रहेको गीतको भिडियोमा एक प्रेमील जोडीले हाँशीखुशी एकसाथ जिन्दगी बिताउने विश्वास लिएको कुरालाई निर्देशक बिक्रम चौहानले कलात्मक शैलीमा तयार पारेका छन्।

# भक्तपुरका युवाले लिए परम्परागत बाजाको प्रशिक्षण




■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुर नगरपालिका वडा नम्बर १० महालक्ष्मीको स्थानीय महालक्ष्मी भजन दाफाको आयोजनामा लालाखिं (एक प्रकारको बाजा) तथा म्ये पिदानेगू ज्याभ्व (स्थानीय गीत गाउने प्रशिक्षण) कार्यक्रम बिहीबार सम्पन्न भएको छ। स्थानीयस्तरमा बाजागाजाको प्रशिक्षण सम्पन्न भएपछि पिदानेगू (दिक्षान्त समारोह जस्तै) गरिएको थियो। यो बेला प्रशिक्षार्थीलाई देवतास्थानमा लगेर बाजा प्रदर्शन गर्न लगाउने हुन्छ।

बिहीबार स्थानीय नासद्य (देवता घर) मा पुगेर प्रशिक्षार्थीलाई बाजा बजाउन लगाएर प्रदर्शन गराइएको थियो। साथसाथै नेवार संस्कृति अनुसार त्यो बेला प्रशिक्षार्थीका आफन्तहरू आएर प्रशिक्षार्थीलाई सम्मान गर्ने गरिएको थियो। त्यस अवसरमा उनीहरू सामूहिक पैसा हालेर भोज पनि खाएका थिए।

कार्यक्रमका संयोजक पुन्यराम दुवालका अनुसार लालाखिंमा १३ जना र म्येमा ४ जना प्रशिक्षार्थी रहेका थिए। उनीहरू सबै आठवर्षदेखि ३२ वर्षसम्मका युवा रहेको उनले बताए।

बाजाका प्रशिक्षार्थी इन्जिनियर सुमन दुवालले आफ्नै टोलमा भएको लालाखिं बजाउने कला सिकेको बताए। इन्जिनियर भएर पनि आफ्नो बाबुबाजेदखि चल्दै आएको लालाखिं सिक्न ६ महिना लगाएर आफूले बाजा बजाउन सिकेको उनले बताए।

'हाम्रो पुरानो बाजालाई पनि बचाउनुपर्छ, यसलाई मर्न दिनुहुन्न भनेर मैले पनि बाजा सिंके,' बाजा प्रशिक्षणको अन्तिम दिन बिहीबार बाजा बजाउँदै इन्जिनियर दुवालले भने, 'मैले मात्रै होइन, यो प्रशिक्षणमा टोलका आठ वर्षदेखि ३२ वर्षसम्मका युवा सहभागी छन्।'

प्रशिक्षण ६ महिना भएको थियो। लालाखिंको प्रशिक्षण कृष्णराम देउपाला, म्ये शंकर सुवालले सिकाएका थिए। कार्यक्रममा विष्णुभक्त दुवाललगायतलाई सम्मान गरिएको थियो। साथै स्वगं वियगू ज्या (सगुन दिने कार्यक्रम) पनि भएको थियो।

# पिपल चौतारी गजल साँझ सम्पन्न




**काठमाडौं–** साउथवेस्टन साहित्य समाज, बसुन्धरा काठमाडौंले पिपल चौतारी गजल साँझ-०७८ आयोजना गरेको छ। साउथवेस्टन कलेज परिसरसँगै रहेको पिपलको चौतारीमा आयोजित गजल गायन र वाचनमा करिब सय जनाको उपस्थिति थियो। कार्यक्रममा २६ जना गजलकारले गजल वाचन गरेका थिए।

गजल अरबी साहित्यमा सिर्जना भई उर्दू, फारसी, हिन्दीहुँदै नेपाली साहित्यमा प्रवेश गरेको कविता उपविधाअन्तर्गत पर्छ। नेपाली गजल भन्ने बित्तिकै गजलकार मोतीराम भट्ट र उनको मोतीमण्डलीलाई स्मरण धेरैले गर्छन। माया र प्रेम भाव व्यक्त हुने, श्रृंङ्गारिता प्रधान, लयबद्ध, अनुप्रासयुक्त, गायन र वाचन दुवै गर्न सकिने पद्यमय रचना गजल हो। काफिया, रदिफ, सेर, मिसरा, मतला, मकता, तखल्लुस यसका प्राविधिक पक्ष हुन्। गजल निकै पुरानो, लोकप्रिय र चर्चित रहेको छ। साउथवेस्टन साहित्य समाजद्वारा आयोजित पिपल चौतारी गजल साँझका वक्ताले पनि यिनै विचार व्यक्त गरेका थिए।

साउथवेस्टन कलेजका क्याम्पस प्रमुख डा. राजेन्द्र केसीले शुभकामना मन्तव्य राख्दै साउथवेस्टन कलेज परिसरमा रहेको करिब डेढ सय वर्ष पुरानो पिपलको चौतारीमा साँझको समयमा चकटीमा बसेर माया प्रेम, अर्थ, राजनीति, व्यवस्थापन जस्ता विषय समेटिएका हार्दिकता, कोमलता र सुन्दरताका भावमय गजल वाचन गर्दा डेढ सय वर्ष पुरानो मोतीराम भट्ट र उनको भजन मण्डलीको सम्झना आएको बताए।

कार्यक्रममा सिद्धिनारायण आचार्य, सन्तोष अमागाई, वसन्त वली वसन्ती, नारायण काँइलो, अल्पज्ञानी, शशी शर्मा मजगैया, उदास कार्की, एचके लामिछाने, राजेन्द्र घिमिरे सागर, रेणुका भण्डारी, मुकुन्दराज कँडेल, विप्लव निसानी, दुर्गाकिरण तिवारी, डा. प्रदीप मैनाली, विदुर अधिकारी देवदूत, प्रमोद थापा, देवेन्द्र अर्याल आँसु, ध्रुवप्रसाद तिमल्सिना, बलराम दाहाल, भैरवी भूगोल, त्रिभुवनचन्द्र वाग्ले, शुसान्त न्यौपाने, रवि प्रज्जल, ललितजङ रावल र रामबहादुर पहारीले गजल गायन तथा वाचन गरेका थिए।

# ए मेरो हजुर ४ मा स्टारडमभन्दा कन्टेन्ट बलियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ए मेरो हजुर ४' चलचित्रकी निर्देशक झरना थापाले स्टारडमभन्दा कन्टेन्ट बलियो हुने बताएकी छिन्। 'फिल्ममा देखिने अनुहारले दर्शकलाई हलसम्म त ल्याउछ नै, तर कन्टेन्ट बलियो नभए त्यसले काम गर्दैन। स्टारद्वारा हलसम्म तानिएका दर्शकलाई कन्टेन्टले होल्ड गर्न सक्नुपर्छ,' उनले भनिन्।

निर्देशक थापाले 'ए मेरो हजुर ४' मा अनमोल केसी वा सुहाना थापाको स्टारडमभन्दा फिल्ममा ज्यादा भरोसा रहेको बताएकी छन्। 'निर्देशकको रूपमा भन्नुपर्दा यो फिल्मले जुन इन्टरटेनिङ भ्यालु बोकेको छ, मलाई त यही नै स्टार लाग्छ,' उनले भनिन्।

थापाले स्तरीय फिल्म बनाउने कोसिस गरेकाले हेरेर प्रतिक्रिया दिन दर्शकलाई आग्रह गरिन्। 'हामीले के कस्तो काम गर्‍यौं भनेर मूल्यांकन गरिदिने दर्शक हुन्। सल्लाह, सुझाव र हौसलाको सदैव अपेक्षा रहने छ,' निर्देशक थापाले भनिन्। उनले नेपाली फिल्मलाई विश्वका फिल्ममाझ प्रतिस्पर्धा गराउने स्तरको बनाउन दर्शकको साथ उत्तिकै महत्वपूर्ण रहेको बताइन्।

फिल्मको ट्रेलरमा अनमोल र सुहानाको प्रेम, कमेडी र बिछोड देखाइएको छ। फिल्ममा अनमोल र सुहानासँगै सलोन बस्नेत, रेअर राई, रवि गिरीलगायतको अभिनय छ। फिल्ममा सञ्जय लामाको छायांकन, हिमाल केसीको द्वन्द्व, रामजी लामिछाने, कविराज गहतराजको कोरियोग्राफी छ।

फिल्ममा झरना थापा र स्वर्गीय छेतेन गुरुङको कथा, झरना थापा, छेतेन गुरुङ, मन्दीप गौतम, बाबुराम दाहाल, प्रतीक पौडेल, उपकार पाण्डे, माधव शर्माको पटकथा तथा संवाद छ। फिल्मलाई सुनिलकुमार थापाले निर्माण गरेका हुन्।

## रंगशाला

# पुलिस टिम कराते च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** आठ स्वर्ण पदक सहित नेपाल पुलिस क्लब प्रथम कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराते प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेको छ। पुलिसले ४ कास्य पदक पनि जित्यो। टिम च्याम्पियन बनेसँगै पुलिसले १ लाख रूपैयाँ प्राप्त गरेको छ।

प्रतियोगितामा ४ स्वर्ण, ५ रजत र ३ कास्य पदकका साथ त्रिभुवन आर्मी क्लब दोस्रो हुँदा ३ स्वर्ण, ५ रजत र ६ कास्य पदकका साथ एपिएफ तेश्रो भएको छ।

१ स्वर्ण, २ रजत र ७ कास्य पदकका साथ बागमती चौथो, १ स्वर्ण, १ रजत र ५ कास्य पदकका साथ प्रदेश १ पाँचौं बने। त्यस्तै १ रजत र ४ कास्यका साथ लुम्बिनी छैटौं, १ रजत र ३ कास्य पदक जित्दै सुदूरपश्चिम सातौं तथा १ रजत र २ कास्य पदकका साथ मधेश प्रदेश आठौं स्थानमा रहे। गण्डकी र कर्णाली पदकविहीर रहे।

तेह्रौं दक्षिण एसियाली खेलकुद (साग) की स्वर्ण पदक विजेता समेत रहेकी कुसुम खड्का र प्रदेश १ का रोजन खड्का प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी चुनिए। कुसुमले ४५ केजी महिला कुमुते र रोजनले ८४ केजीमूनिको तौल समूहमा स्वर्ण पदक जितेका थिए। कर्णालीकी एसिला रासकोटी मगरले एकल काता, टिम र कुमुते तीनै इभेन्टमा भाग लिएकी थिइन्।

अन्तिम दिन ४ इभेन्ट्को प्रतिस्पर्धा भएको थियो। पुरुष ५० केजी तौलसमूहमा साजन मोक्तान च्याम्पियन बनेका छन्। उनले फाइनलमा एपिएफका वीरबहादुर तामाङलाई ८-० ले नकआउट गर्दै स्वर्ण पदक जिते। त्यस्तै नविन रसाइलीले ६७ केजी तौल समूहको फाइनलमा एपिएफ सुवास घतानेलाई ९-१ ले नकआउट गर्दै स्वर्ण पदक जिते।

त्यस्तै महिला ६१ केजी तौल समूहमा एपिएफकी इस्तर राईलाई १३-३ ले नकआउट गर्दै त्रिभुवन आर्मी क्लबकी शान्ता श्रेष्ठ स्वर्ण पदक जित्न सफल भइन्। एपिएफका विजय श्रेष्ठले पुरुष ४४ केजी तौल समूहमा स्वर्ण पदक प्राप्त गरे। विजयले बागमती प्रदेशका सुबिन खत्रीलाई ५-२ ले पराजित गर्दै स्वर्ण पदक जितेका हुन्।

नेपाल लोकतान्त्रिक खेलकुद संघ र ललितपुर जिल्ला प्रमुख डोजोको संयुक्त आयोजित प्रतियोगितामा ७ प्रदेश, ३ विभाग (सेना, प्रहरी र एपिएफ) का २ सय १० खेलाडीको सहभागिता रहेको थियो। महिलातर्फ ८ र पुरुषतर्फ ९ इभेन्ट्समा २१ स्वर्ण, २१ रजत र ४२ कास्य पदकका लागि प्रतिस्पर्धा भएको थियो। प्रतियोगितालाई सम्झना ल्याबले मुख्य प्रायोजन गरेको छ। लिनिङ र सान सोजुसह प्रायोजक रहेको प्रतियोगितालाई ललितपुर महानगरपालिका, गोदावरीनगरपालिका, क्लासिक डायमण्ड र बागमती गाउँपालिका सहयोगी का रूपमा रहेका थिए।

# प्रधानमन्त्री कप सोमबारदेखि




**काठमाडौं–** दोस्रो संस्करणको योनेक्स सनराईज प्रधानमन्त्री कप राष्ट्रब्यापी खुल्ला - वरीयता ब्याडमिन्टन प्रतियोगिता सोमबारबाट सुरु हुने भएको छ ।

आयोजक हरिलाल धर्मदेवी मेमोरियल ट्रष्ट तथा अपि स्पोर्ट्स म्यानेजमेन्ट कम्पनीले शनिबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिता चैत २८ गते सोमबारबाट सुरु हुने जनाएको छ। प्रतियोगिता बैशाख १ गतेसम्म संचालन हुने संयोजक सुबाश श्रेष्ठले जानकारी गराए।

त्रिपुरेश्वरस्थित राखेप कभर्ड हलमा आयोजना हुने प्रतियोगितामा देशभरका जिल्ला, क्लब र तीन विभागीय टोलीका खेलाडीहरूले सहभागिता जनाउने छन्। प्रतियोगितामा ३०० खेलाडीको सहभागिता हुने रेफ्री उदय अर्यालले जानकारी गराए।

प्रतियोगिता पुरुष एकल (खुला), महिला एकल (खुला), पुरुष युगल (खुला), यू-१५ पुरुष/महिला, यू-१९ पुरुष/महिला, मास्टर्स खुला ४५ वर्षमाथि र मास्टर्स खुला ५५ वर्षमाथि गरि कुल ९ विधामा प्रतिस्पर्धा हुनेछ।

एकलतर्फ पुरुष र महिलाको विजेताले १ लाख १५ हजार, दोस्रोले ५५ हजार र तेस्रोले १५ हजार पाउने छन्। यू-१५ पुरुष र महिलातर्फको विजेताले १० हजार, दोस्रोले ५ हजार र तेस्रोले ३ हजार पाउने छन्। यू-१९ को पुरुष र महिलातर्फको विजेताले १५ हजार, उपविजेताले ७ हजार र तेस्रोले ३५ सय पाउने छन्।

पुरुष युगलतर्फको विजेताले ५० हजार, दोस्रोले २५ हजार र तेस्रोले १० हजार पाउने छन्। मास्टर्स खुला ४५ वर्षमाथिको विजेताले ३५ हजार, दोस्रोले २० हजार र तेस्रोले १० हजार पाउने छन्।

मास्टर्स ५५ वर्षमाथिको विजेताले ३५ हजार, उपविजेताले २० हजार र तेस्रोले १० हजार पाउने छन्। विश्व ब्याडमिन्टन महासंघ र नेपाल ब्याडमिन्टन संघको नियमानुसार नेपाली राष्ट्रिय रेफ्री तथा अम्पायरबाट खेलाईने प्रतियोगिताको मुख्य प्रायोजकमा टाइगर ब्रुअरीको अन्नपूर्ण रहेको छ। प्रायोजक वापत ब्रुअरीले आयोजकलाई ५ लाख उपलब्ध गराउने छन्। यस्तै बेभरेज पार्टनरमा आर.सी कोला, प्रमोटरमा १०० स्पोर्ट्स तथा खेतान स्पोर्ट्स फाउन्डेसन रहेका छन्।

## सर्वोत्तम तिलोत्तमा प्रिमियर लिग

# नेपथ्य ज्ञानोदयलाई उपाधि



■ प्रभाव संवाददाता

**भैरहवा–** रूपन्देहीमा भएको सर्वोत्तम तिलोत्तमा प्रिमियर लिग टिपीएलको उपाधि नेपथ्य ज्ञानोदय गोल्डले जितेको छ। तिलोत्तमा क्रिकेट विकास समितिको आयोजना नवजीवन क्रिकेट मैदानमा भएको चौथो संस्करणको फाइनल खेलमा जेभी वरियर्सलाई तीन विकेटले पराजित गर्दै नेपथ्य ज्ञानोदय गोल्डले दोस्रो पटक उपाधि जितेको हो।

टस जितेर सुरुवाती ब्याटिङ गरेको जेभी वरियर्सले १८ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै १ सय ८ रन जोडेको थियो। जसका लागि सर्वाधिक लोकेश बमले ३२, अहमद हुसेनले १२ रन बनाए।

बलिङतर्फ नेपथ्यका सुनिल धमलाले ४, अमित तामाङले ३ विकेट लिए। जवाफी ब्याटिङमा १०९ रनको लक्ष्य पाएको नेपथ्यले १९ ओभरमा ७ विकेटको नोक्सानीमा लक्ष्य पार गरी जित निकाल्यो।

जसका लागि सुनिल धमलाले ४८, विशाल केसीले ४३ रन बनाए। बलिङतर्फ किशोर महतो र रोहित पौडेलले समान २-२ विकेट लिए। फाइनल खेलमा सुनिल धमला म्यानअफ द म्याचबाट पुरस्कृत भए।

च्याम्पियन नेपथ्यले ४ लाख नगद, उप विजेता जेभी वरियर्सले २ लाख नगद सहित र ट्रफी प्राप्त गरेका छन्। उनीहरूलाई नेपाल क्रिकेट संघका कार्यवाहक सचिव प्रशान्त विक्रम मल्ल र सर्वोत्तम सिमेन्टका रिजनल म्यानेजर रमेश ढकालले पुरस्कृत गरे।

यस्तै प्रतियोगितामा उत्कृष्ट खेलाडी म्यान अफ द सिरीज र वेस्ट व्याट्स मेनबाट जेभी बरियर्सका बसिर अहमदलाई नगद क्रमशः २० हजार र १० हजार सहित ट्रफीबाट पुरस्कृत गरे।

त्यस्तै वेस्ट बलर रोयल शंकरनगरका धिरज शाहीलाई १० हजार नगद र ट्रफीबाट, त्यस्तै उदयमान खेलाडीबाट एकोन च्यालेन्जर्स भैरहवाका सन्तोष यादवलाई नगद ५ हजार र ट्रफीले पुरस्कृत गरिएको तिलोत्तमा क्रिकेट विकास समितिका अध्यक्ष दीपक भुर्तेलले जानकारी दिए। प्रतियोगिताको मुख्य प्रायोजन सर्वोत्तम सिमेन्टले गरेको थियो।

# सोमालियामा करिब ६० लाख मानिस खाद्य संकटमा



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले सोमालियामा खाद्य संकट उत्पन्न भएको भन्दै सो समस्याको जोखिममा कम्तीमा पनि ६० लाख मानिस परेका बताएको छ । खाद्य संकटका कारण उत्पन्न भएको समस्या तत्कालै टार्नका लागि संयुक्त राष्ट्रसंघले सहयोगको अपिल पनि गरेको छ । त्यहाँ केही समय यतादेखिको खडेरी तथा आन्तरिक द्वन्द्वका कारण खाद्य संकट परेको जनाइएको छ ।

त्यहाँ समयमा पानी नपरेका कारण देशव्यापी रूपमा सुक्खापन भएको समाचार पहिलेदेखि नै आएको थियो ।

अहिले भने यही अप्रिलदेखि जुलाई महिनासम्ममा कम्तीमा पनि ६० लाख मानिस खाद्यान्न तथा अन्य आधारभूत आवश्यकताको अभावमा पर्ने समस्या देखिएको बताएको छ ।

जसका कारण त्यहाँका ६० लाखभन्दा बढी मानिस प्रभावित भएका बताइएको छ । सो कुरा सोमालियामा रहेको मानवीय सहायतासम्बन्धी निकायले जानकारी दिएको छ । मानवीयतासम्बन्धी सहयोगका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए)का अनुसार सोमालियामा हालैका दिनमा देखिएको चरम खाद्य संकटले गर्दा लाखौं लाख मानिस विस्थापित पनि भएका छन् । यो वर्ष नै अप्रिलदेखि जुलाई सम्ममा नै ती नागरिकलाई खाद्य संकट पर्ने जनाइएको थियो ।

यहाँका अधिकारीहरूले पहिलो कुरा त आवश्यक मात्रामा पानी नपरेका कारण उब्जनी नभएको बताएका छन् भने अर्कातर्फ यहाँ आन्तरिक द्वन्द्वका कारण पनि मानिसहरूले खान पाएका छैनन् ।

संयुक्त राष्ट्रसंघीय प्रवक्ता स्टेफन डुजारिकले शुक्रबार आयोजना गरिएको एक पत्रकार सम्मेलनमा सो कुराको जानकारी दिएका हुन् ।

ओसिएचएका सोमालियाका संयोजकले त्यहाँका कम्तीमा पनि ६० लाख नागरिकलाई तत्कालै खाद्य सहयोग उपलब्ध गराउनुपर्ने अवस्था रहेको यसअघि नै बताएका थिए ।

सोमालियाको सरकारले संयुक्त राष्ट्रसंघीय अधिकारीहरूसँग परामर्श गरी यहाँ खडेरीका कारण खाद्य संकट पर्न गएको घोषणा गरेको थियो । सोही कारण संयुक्त राष्ट्रसंघीय मानवीय सहायतासम्बन्धी उक्त निकायले सहयोगका लागि विदेशी दातृसंस्था या देशहरूलाई आग्रह पनि गरेको बताइएको छ । *रासस/सिन्ह्वा*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Helping Hands Trading**

पूर्व स्वीकृति मिति : २०७६/१२/२४ | LT. No. 261136 | चलानी नं. ६०१७७५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 2 | 0 | 1000 | ३३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter | 2 | 0 | 1400 | ४६,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: बैशाख ४ गते (**17th April 2021**) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**

श्रम ईजाजत नं. 537/061/62

Gaushala-7, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी **Bishanpur Trading and Contracting**

पुर्व स्वीकृति मिति २०७८/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२६ | LT. No. 252089 | चलानी नं. ६०१६९११८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Tech. | 2 | 0 | 1100 | ३६,५०० | | | | | | | |
| 3 | Labourer | 7 | 0 | 1000 | ३३,२० | | | | | | | |
| 4 | MASON | 2 | 0 | 1100 | ३६,५०० | | | | | | | |
| 5 | PAINTER | 1 | 0 | 1100 | ३६,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: बैशाख ४ गते (**17th April 2021**) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**

श्रम ईजाजत नं. १५३१/०७८/०७९

Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :**BURUK LOMISINE**

पूर्व स्वीकृति मिति २०७८/१२/२५ | LT. No. 261184 | चलानी नं. ६०१७७५७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1900 | ६३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 3 | 0 | 1000 | ३३,४७० | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 1400 | ४६,८६० | | | | | | | |

यसै कम्पनीको लागि (M/F) Receptionist-2 र Documentation-2 हरूको पनि माग भई आएकोले ईच्छुक व्यक्तिहरुले सम्पर्क राख्नुहोला ।

सम्पर्क नं: ९८०१०६८७२३ / ९८४९००७१५२

अन्तरवार्ता संस्थाको कार्यालयमा बैशाख ३ गते (16th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com


## मोटरसाइकल हराएको सूचना

मिति २०७८/१२/२५ गते निम्न विवरणको पल्सर २०० सिसि २०२७ रोयल ग्रि रङको मोटरसाइकल ताकेश्वर न.पा. वडा नं. १० मनमैजु घरको पार्किङबाट चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**बाइक नं. :** बा.प्र. ०२-०२६ प.६२२३
**च्यासिस नं.:**MD2A36FXOMCA83496
**इन्जिन नं. :** JLXCMA62135
**सवारी धनीको नाम :**रोकेन पौडेल
**ठेगाना:** मधुवन ८ बाँदिया
**मो. :** ९८४०७६४०४४

## बिमा लेख हराएको सूचना

यहि मिति २०७८/१२/२२ जनकपुर धमादेखि महालक्ष्मी लाईफ इन्सुरेन्स लिमिटेड प्रधान कार्यालय कमलपोखरी काठमाडौंसम्म आउँदा बिमा लेख हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको फोन नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम :** राम हृदय शाह
**बिमा नं.:** ३११०००००२१९
**फोन नं. :** ०१-४५४५७४०, ९८४४५१००९२


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Mehrab Al Arab**

पूर्व स्वीकृति मिति २०७८/१२/२४ | LT. No. 260766 | चलानी नं. ६०१७७६५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 2 | 0 | 2600 | ८६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | | 2000 | ६६,३८० | | | | | | | |
| 3 | Foreman | 2 | | 2600 | ८६,२७५ | | | | | | | |
| 4 | LABOURER | 5 | | 1000 | ३३,२६० | | | | | | | |
| 5 | Representative | 3 | | 2300 | ७६,३३५ | | | | | | | |
| 6 | Supervisor | 1 | | 2500 | ८२,९७५ | | | | | | | |

कम्पनी : **cafeteria al ansar**

पूर्व स्वीकृति मिति २०७८/१२/२४ | LT. No. 260860 | चलानी नं. ६०१७७५१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 03 | 0 | 1000 | ३३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: बैशाख ४ गते (**17th April 2021**) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Imperial Overseas Pvt. Ltd.**

Govt. Lic. No. 816/065/066

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530
Fax : +977-1-4485522, Email: imperialovs2009@gmail.com,
imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.npr


बेलौरी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

श्रीपूर, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

( प्रकाशित मिति: २०७८।१२।२७)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कै. |
|---|---|---|---|---|
| 1 | Construction of Basic Health Care Center ward No.5 Belauri Kanchanpur Contract Identification: BELMUN/NCB/W/078/079-09 | Ganesh Nirman Sewa Belauri Kanchanpur | ३०,१५,९६८ | |
| 2 | Construction of Basic Health Care Center ward No.6 Belauri Kanchanpur Contract Identification: BELMUN/NCB/W/078/079-10 | Mamtas Construction Service Beldandi Kanchanpur | ३०,०८,६२० | |


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.-**सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्प्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **धुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१ । **ReachmondBooksShop (रोहित दाहाल) -**फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **YonjanEnterprise-DhalkuBhishalNagar,4438217** । **दन्तकाली स्टेसनरी -** नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेसनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. -** पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७** । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501** | **HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स: ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी -** पिंगलास्थान, गौशाला,, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौँ सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९९००० | प्रति तोला – ९८५०० | प्रति तोला – १३४५ |



**जल पर्यटनको खोजी** | विश्वकै एकमात्र शालिग्राम पाइने कालीगण्डकी नदीमा जल पर्यटन प्रवर्द्धनको माध्यमबाट जीविकोपार्जनमा सहजता ल्याउन युवाहरूका लागि सञ्चालन गरिएको 'रिभर गाइड प्राविधिक तालिम' का अवसरमा जलयात्रामा सहभागी युवाहरू ।
*तस्बिर: सुशीला रेग्मी/रासस*

# गभर्नर निलम्बित गर्नु थप आर्थिक संकट : अर्थविद्

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई अर्थमन्त्री जनार्दन शर्माले देशमा आर्थिक संकटतर्फ गईरहेको अबस्थामा निलम्बन गर्नु झन् संकट थपिनु अर्थविद्हरूले बताएका छन् ।

गभर्नर अधिकारीमाथि सरकारले आयातमा रोक लगाउने भनेका गोप्य वस्तुको सूची सार्वजनिक गरेको आरोप लगाउदै नेपाल राष्ट्र बैंकको ऐनमै टेकेर निलम्बन गरेको भनेपनि यो समयमा गभर्नरलाई निलम्बन गर्न नहुने अर्थबीद्हरूको भनाई रहेको छ ।

राष्ट्र बैंकको ऐनको दफा २२ मा 'राष्ट्र बैंकको उद्देश्य हासिल गर्न बैंकले गर्नुपर्ने कार्य कार्यान्वयन गर्न गराउन/ कार्यक्षमताको अभाव भएमा वा मुलुकको बैंकिङ तथा वित्तीय व्यवस्थामा हानि-नोक्सानी पुग्ने कार्य गरेको देखिएमा वा बैंकको कामकारबाहीमा बेइमानी वा बदनियत गरेको देखिएमा वा खराब आचरणको कारणबाट कुनै पेसा वा व्यवसाय गर्नबाट अयोग्य ठहराई प्रमाणपत्र खोसिएको वा व्यवसाय गर्न रोक लगाइएकोमा वा मानसिक माफिकको कारण लगातार तीनपटकभन्दा बढी सञ्चालक समितिको बैठकमा अनुपस्थित भएमा पदमुक्त हुनेछन्,'' ऐनमा भनिएको छ ।

पदमुक्त गर्नका लागि ऐनको दफा २३ अनुसार सर्वोच्च अदालतबाट अवकास प्राप्त एक न्याधिशको संयोजकत्वमा जाँचबुझ समिति गठन हुनुपर्ने व्यवस्था अनुसार सरकारले पूर्वन्यायधीस पुरुषोत्तम भण्डारीको संयोजकत्वमा समिति गठन गरी पदमुक्तको प्रक्रिया शुरु गरेको बताएको छ ।

विशेष अवस्थामा मन्त्रिपरिषद्ले गभर्नरलाई पदमुक्त गर्न सक्ने व्यवस्था भए पनि आफै विवादास्पद छवि बनाएका अर्थमन्त्री शर्माको यो कदमले निराशा पैदा भएको विज्ञहरूको भनाई रहेको छ । तत्कालीन अर्थमन्त्री युवराज खतिवडाकै पालादेखि स्वायत्त निकायमाथि हस्तक्षेपको शिलशिला शुरू भएको समेत विज्ञहरूले बताएका छन् । नेपाल राष्ट्र बेंक ऐन २०५८ मा राष्ट्र बैंक पूर्ण रूपमा स्वायत्त निकाय रहने व्यवस्था भए पनि खतिवडा अर्थमन्त्री भएको बेला २०७४ मा ऐन संशोधन गरी मुद्रा लगायतका केही विषयमा सरकारले निर्देशन दिन सक्ने व्यवस्था थपिएको थियो ।

पूर्व अर्थमन्त्री खतिवडाले भने सरकारले आफू काम गर्न नसकेका बेला गभर्नरलाई हात हालेर गल्ती गरेको समेत उनीहरूको दाबी रहेको छ । नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले पनि अर्थतन्त्र गम्भीर संकटमा रहेका बेला सरकारले ठूलो गल्ती गरेको बताएका छन् । उनले सरकारले राष्ट्र बैंकमाथि यसअघि पनि हस्तक्षेप गरिसकेको बताएपनि अहिलेको अवस्थाअनुसार यो कदम गलत भएको बताए । गभर्नर भएका बेला यसअघि सरकारको बर्खास्तीमा परेर पुनर्वहाली पाइसकेका पूर्व गभर्नर तिलक रावल सरकारले गम्भीर गल्ती गरेको नै ठहर गर्दछन ।

गभर्नर अधिकारीलाई पुर्वप्रधानमन्त्री केपी ओली नेतृत्वको मन्त्रिपरिषद्ले २०७६ चैत २४ गते गभर्नरमा नियुक्त गरेको थियो । चालू आर्थिक वर्षको मौद्रिक नीति ल्याउने बेलादेखि नै अर्थमन्त्री र गभर्नरबीच मतभेद देखिँदै आएको थियो। पछिल्लो साता भने अमेरिकाबाट एक व्यक्तिको नाममा आएको ४० करोड रकमको विषयमा अर्थमन्त्री विवादमा तानिएपछि आन्तरिक मतभेद छताछुल्ल पोखिन पुगेको थियो ।

# आयल निगमको कोष रित्तियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निरन्तर घाटामा जाँदा नेपाल आयल निगम अन्ततः पेट्रोलियम पदार्थ आयात गर्न नै नसक्ने अवस्थामा पुगेको छ । पेट्रोलियम पदार्थ खरिदका लागि निगमसँग अब २५ करोड रूपैयाँ मात्र मौज्दात छ । जुन रकमले पेट्रोलियम पदार्थ आयात हुँदैन । भारतीय आयल कर्पोरेसन (आइओसी)लाई नियमित रूपमा बुझाउनु पर्ने रकम तिर्न नसक्ने देखिएकाले पेट्रोलियम पदार्थको आयतमा समस्या देखा परिसकेको निगमका प्रवक्ता विनित उपाध्यायले बताए ।

'अबको २३ तारिखमा आइओसीलाई १४ अर्ब जति बुझाएपछि मात्रै पेट्रोलियम पदार्थ सहज तरिकाले आपूर्ति हुन्छ तर अहिलेसम्म मूल्य स्थिरिकरण कोषमा २५ करोड रूपैयाँ बाँकी छ, अन्त कतै पनि कुनै कोषमा रकम बाँकी छैन्,' प्रवक्ता उपाध्यायले भने, 'निगमसँग रहेको मौज्दात र मूल्य स्थिरीकरण कोषमा रहेका सबै रकम सकिएपछि पेट्रोलियम पदार्थ आयात गर्न नै नसक्ने अवस्थामा निगम पुगेको छ, अर्को महिनादेखि नै समस्या पर्ने देखिएको छ ।'

उनका अनुसार पेट्रोलियम पदार्थको मागअनुसार आईओसीलाई नियमित रूपमा बुझाउने रकममा १४ दिनपछि नै दुई अर्ब रूपैयाँ नपुग्ने देखिसकेको छ । 'अब पेट्रोल किन्न २५ करोड मात्रै बाँकी छ, बुझाउनु पर्ने १४ अर्ब हुन्छ, केही रकम घाटामा खरिद गरिएको पेट्रोलियम पदार्थ बिक्रीबाट उठाउन सकिए पनि दुई अर्ब पुग्दैन,' उपाध्यायले भने, 'त्यसका लागि अर्थ मन्त्रालयलाई अनुरोध गरिएको थियो, अर्थले ऋण उपलब्ध गराउनका लागि राष्ट्रिय बाणिज्य बैंकलाई पत्र लेखिदिएको छ ।' उनका अनुसार १४ दिनपछि पेट्रोलियम पदार्थका आयातका लागि रकम दिन नसके अप्ठयारो अवस्था आउने निगमले अर्थ मन्त्रालयलाई जानकारी गराउन बाध्य भएको थियो ।

गत २२ चैतमा अन्तिम पटक मूल्यवृद्धि गर्दा पनि गत महिना नौ अर्ब २७ करोड घाटा व्योहोर्नुपरेको सहप्रवक्ता पुष्कर कार्कीले जानकारी दिएका थिए । उनका अनुसार आर्थिक बर्ष २०७८/७९ को हालसम्म ३३ अर्ब रूपैयाँ घाटामा रहेको छ ।

गत असार मसान्तसम्म १५ अर्ब ८० करोड रकम सञ्चित गरेको निगमले कोष रित्तिएपछि गत २२ चैत मूल्य स्थिरीकरण कोषवाट चार अर्ब २० करोड लिएर भारतीय आयल कर्पोरेशनलाई पठाएको थियो । स्थिरिकरण कोषमा पनि २५ करोड मात्रै मौज्दात रहेपछि निगमले बैंकसँग ऋणका लागि आग्रह गरेको छ तर कुनै निर्णय आइनसकेको प्रवक्ता उपाध्यायले जानकारी दिए ।

# प्रबन्ध निर्देशक पौडेलले सम्हाले पदभार

**काठमाडौं (प्रस)–** नेपाल टेलिकमका नवनियुक्त प्रबन्ध निर्देशक सुनिल पौडेलले पदभार ग्रहण गरेका छन् । पौडेलले केन्द्रीय कार्यालयमा शुक्रबार पदभार ग्रहण गरेका थिए । उनलाई सरकारले आगामी चार वर्षका लागि प्रबन्ध निर्देशकमा नियुक्त गरेको थियो ।




पदभार ग्रहण गर्दै पौडेलले कार्यालय प्रयोजनका सबै काम कारवाहीलाई सूचना प्रविधिसँग जोडेर स्वचालित रूपमा तत्काल कार्यान्वयनमा लैजाने संरचनामा ढाली कम्पनीका सबै सेवाहरूलाई आम जनताको सहज र सुलभ पहुँचमा पुऱ्याउनका लागि हामी सबै प्रतिबद्ध हुनुपर्ने बताए । उनले कम्पनीको सेवा प्रवाह, गुणस्तर र राजस्व वृद्धिमा देखिएको चुनौतीलाई सामना गर्दै अगाडि बढ्न र कम्पनीलाई अझ मुलुककै विश्वसनीय धरोहरका रूपमा स्थापित गर्न आफू प्रयासरत रहने प्रतिबद्धता व्यक्त गरे ।

पदभार ग्रहण गर्दै पौडेलले नेपाल सरकारको सुचना प्रविधिमार्फत राष्ट्रलाई सम्वृद्ध बनाउने र मुलुकभरका आम जनतालाई अत्याधुनिक दूरसञ्चार सेवाको सहज पहुँचमा पुऱ्याउने अन्तर्निहित उद्देश्यसँगै राष्ट्र र जनताप्रतिको अहं दायित्वबोधका साथ कम्पनीलाई नम्बर १ संस्थाका रूपमा कायम राख्न लागिपर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

उक्त अवसरमा टेलिकमका नायव प्रबन्ध निर्देशक, निर्देशक, प्रबन्धक, अन्य बरिष्ठ अधिकृत, कम्पनीमा क्रियाशील कर्मचारी युनियनका पदाधिकारी एवं कम्पनीका कर्मचारीहरू उपस्थिति थिए ।

# राष्ट्र बैंकका ३ गभर्नरले भोगे कारबाही

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकको इतिहासमा ३ जना गभर्नरहरूमाथि कारबाही गरिएको थियो । यसरी निलम्बनमा परेका तिलक रावल, विजयनाथ भट्टराई र हालका महाप्रसाद अधिकारीले कारबाही भोग्नुपरेको छ । विगतका दुई गभर्नर आर्थिक अनियमिततामा जोडिएर कारबाहीमा परेका थिए । अहिलेका अधिकारीलाई सरकारले आफू अनुकूल काम नगरेको भन्दै कारबाही गरेको छ ।

राष्ट्र बैंक ऐनको दफा २७ मा कामयमुकाय तोक्नसक्ने उल्लेख छ । उक्त दफामा गभर्नरको मृत्यु भइ, राजीनामा दिई, बिरामी परी, बिदामा बसी वा अन्य कुनै कारण परी गभर्नरले बैंकको काम गर्न नसक्ने भएमा नेपाल सरकारले बैंकको वरिष्ठ डेपुटी गभर्नरलाई गभर्नरको कामकाज गर्ने गरी कायम मुकायम मुकरर गर्ने व्यवस्था गरिएको छ । यही व्यवस्थाअनुसार डेपुटी गभर्नर निलम ढुंगानालाई शेरबहादुर देउवा नेतृत्व सरकारले जिम्मेवारी दिएको छ ।

उक्त ऐनको दफा १८ मा गभर्नरको कार्यकाल पाँच वर्षको हुनेछ भनी तोकिएको छ । दफा २२ मा कारबाही वा हटाउने व्यवस्था गरिएको छ । उक्त दफामा 'नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (५) बमोजिम पदमुक्त हुने अवस्थामा पुगेका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई पदमुक्त गर्नेछ,' भनिएको छ ।

पदमुक्त गर्नुभन्दा अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने उचित अवसरबाट बञ्चित गर्न नमिल्ने व्यवस्था पनि सोही दफामा छ । दफा २२ को उपदफा (२) मा नेपाल सरकारले गभर्नरलाई पदमुक्त गर्दा 'दफा २३ बमोजिम गठन भएको जाँचबुझ समितिको सिफारिसमा गर्नेछ' भनिएको छ । रावल राष्ट्र बैंकका ११ औं गभर्नर थिए । उनी २०५६ माघ ४ गतेदेखि २०५७ भदौ १२ गतेसम्म गभर्नर भए । त्यस समय उनीमाथि भ्रष्टाचारको मुद्दा लागेको थियो ।

भ्रष्टाचारमा मुछिएपछि उनी बर्खास्तीमा परेका थिए । उनको बर्खास्तीपछि दीपेन्द्रपुरुष ढकाल गभर्नर भए । भ्रष्टाचारको मुद्दाबाट सफाइ पाएपछि उनलाई फेरि पुनर्बहाली गरिएको थियो । अस्ट्रेलियमा पोलिमर नोट छपाइ प्रकरणमा रावलविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा पनि दायर भएका थियो। उक्त मुद्दामा उनले पछि सफाइ पाए ।

विजयनाथ भट्टराई राष्ट्र बैंकका १३ औं गभर्नर तथा गणतान्त्रिक नेपालका पहिलो गभर्नर थिए । उनी २०६१ माघ १८ गतेदेखि २०६५ माघ २ गतेसम्म गभर्नर भएका थिए । उनको पालामा कायममुकायम गभर्नर कृष्णबहादुर मानन्धरले मुद्रामा हस्ताक्षर गर्ने अवसर पाएका थिए । भट्टराईलाई पनि गभर्नर रहेका बेला भ्रष्ट्राचारको आरोप लागेको थियो । उनलाई बर्खास्त समेत गरिएको थियो । तर, पछि छानबिन पश्चात उनलाई पुनर्बहाली गरिएको थियो ।

महाप्रसाद अधिकारी नेपाल राष्ट्र बैंकको १७ औं गभर्नर हुन् । उनलाई केपी शर्मा ओली नेतृत्वको सरकारले २०७६ चैत २४ गते गभर्नर नियुक्त गरेको थियो ।

**ट्राफिक नियमको पालना गरौं**

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

**सडक दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ